जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक २५, २०७९ साल पुस १ गते शुक्रबार, नेपाल संवत् ११४३ (Dec. 16, 2022) Website : www .greaternepal .com .np    मूल्य रु. १० ।-

## एकैपटक हजारौं जवानको सरुवा

काठमाडौं । सशस्त्र प्रहरी बल, नेपालले मंगलबार एकैपटक आठ हजार ४८८ जना जवानको सरुवा गरेको छ । सरुवा गर्न केही समय अघि देशभरका जवानहरूलाई उनीहरूको प्राथमिकता अनुसार तीन वटा युनिटको नाम लेखाएर फारम भराएको थियो । सोही अनुसार सम्भव भएसम्म माग गरे बमोजिमको कार्यालयमा र सम्भव नभए नजिकको अर्को युनिटमा सरुवा गरिएको सहायक प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

यस्तै सीमावर्ती इलाकाका युनिटहरूमा लामो **बाँकी ८ पेजमा**

## धरहरा पुनर्निर्माण रोकियो

काठमाडौं । ऐतिहासिक धरहरा पुनर्निर्माण रोकिएको छ । धरहरा पुनर्निर्माणका क्रममा सुन्धारामा पानी पठाउने मूल धारो नष्ट हुने गरी डोजर चलाएको भन्दै काठमाडौं महानगरपालिका र स्थानीयले तत्कालका लागि धरहराको काम पनि रोकेका हुन् ।

कामपा वडा नम्बर २२ का अध्यक्ष चिनीकाजी महर्जनका अनुसार ऐतिहासिक महत्व बोकेको सुन्धारामा पानी पठाउने काठको लामो पाइप नष्ट गरी उक्त स्थानमा निर्माण कम्पनीले डोजर लगाएर एक लाख लिटर पानी अट्ने ट्यांकी निर्माण गर्ने तयारी **बाँकी ८ पेजमा**

# सरकार निर्माणमा "रअ" सक्रिय

काठमाडौं । निर्वाचन आयोगले आमनिर्वाचन २०७९ को अन्तिम परिणाम सार्वजनिक गरेसँगै सरकार निर्माणको अंकगणित प्रारम्भ भएको छ । नेपालमा कसको नेतृत्वमा कस्तो सरकार बनाउने भन्ने खेलमा विशेषतः भारतीय खुफिया एजेन्सी 'रअ' सक्रिय रहेको बताइन्छ । भारतीय राजदूत नवीन श्रीवास्तवले निर्वाचन हुँदै गर्दा प्रधानमन्त्री देउवासँग २ पटक भेट गर्नु र अहिले राष्ट्रपति बनाउने सवालमा पनि गैरराजनीतिक व्यक्तिको खोजी गर्न रअ सक्रिय बन्नुले नेपालको आन्तरिक राजनीतिमा भारतीय हस्तक्षेप कति हदसम्म छ भनेर प्रस्ट बुझ्न सकिन्छ । मंसिर ४ गते एकैदिन प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको थियो । निर्वाचनबाट ७ राजनीतिक दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन् । प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि ८६ वटा राजनीतिक दल दर्ता भएकोमा प्रत्यक्षतर्फको निर्वाचन प्रणालीमा ६१ वटा राजनीतिक दल र समानुपातिक निर्वाचन प्रणालीमा ४७ वटा राजनीतिक दल सहभागी भएका थिए ।

आयोगका अनुसार प्रतिनिधिसभातर्फ २७५ र प्रदेशसभातर्फ ५५० जना गरी कुल ८२५ जना निर्वाचित भएका छन् । जसमा प्रतिनिधिसभातर्फ पुरुष १८४ जना अर्थात् ६६ दशमलव ९ प्रतिशत र महिला ९१ जना अर्थात् ३३ दशमलव १ प्रतिशत निर्वाचित भएका छन् । प्रदेशसभातर्फ पुरुष ३५० जना (६६ दशमलव ६४ प्रतिशत), महिला २०० जना (३६ दशमलव ३६ प्रतिशत) निर्वाचित भएका छन् । चार हजार बढी उम्मेदवार र ४० दलको धरौटी जफत भएको छ ।

निर्वाचनको अन्तिम परिणाम आएसँगै राजनीतिक दलहरू सरकार निर्माणको गृहकार्यमा सक्रिय बनेका छन् । निर्वाचन परिणामले कुनै पनि दललाई सरकार बनाउने जनादेश प्राप्त नभएको देखाएको छ ।

नेपाली कांग्रेस ८९ सिटका साथ पहिलो पार्टी बनेको छ भने नेकपा एमालेको ७८ सिट छ । पहिलो दल भएकै कारण कांग्रेसले आफ्नो नेतृत्वमा सरकार



गठनका लागि अग्रसरता लिइरहेको छ । यदि गठबन्धनको सरकार बन्न सकेन भने पनि प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलका रुपमा अल्पमतको सरकार गठन गर्ने अवसर पनि कांग्रेसलाई नै मिल्छ ।

०५१ सालको मध्यावधि निर्वाचनमा एमाले पहिलो दल बनेको थियो र मनमोहन अधिकारीको नेतृत्वमा एमालेको अल्पमतको सरकार गठन भएको थियो । तर अधिकारी नेतृत्वको अल्पमतको सरकार नौ महिना मात्र चलेको थियो । सर्वोच्च अदालतले एमालेको सरकार ढालेको थियो । अहिले अल्पमतको कांग्रेस सरकार यदि बनिहाले पनि त्यसको आयुरेखा लामो हुँदैन । अब बन्ने सरकार सम्भवतः एउटै मात्र दलको बन्ने अवस्था देखिँदैन । सत्ता गठबन्धनका लागि पनि सरकार गठनका लागि चाहिने १३६ सांसद संख्या पुग्दैन । यही भएर रेशम चौधरीको नागरिक उन्मुक्ति पार्टी र सिके राउतको जनमत पार्टीलाई सरकारमा सहभागी गराउने प्रयास गर्न थालिएको छ ।

अपराधलाई राजनीतिकरण गर्ने अध्यादेश ल्याएर सरकारले डिल्लीबजार खोरमा रहेका रेशम चौधरीलाई रिहा गर्न खोजिरहेको छ । तर राष्ट्रपतिले अध्यादेश प्रमाणीकरण गर्ने छाँटकाँट नदेखाएपछि प्रधानमन्त्री देउवा हतोत्साहित भएका छन् । संविधानतः अध्यादेश राष्ट्रपतिले प्रमाणित गर्नैपर्छ । तर नयाँ संसद बस्ने पूर्वसन्ध्यामा विवादास्पद अध्यादेश सरकारले ल्याएकाले छलफलका नाममा राष्ट्रपतिले थन्क्याएर राख्ने विश्लेषण गरिँदैछ ।

अध्यादेशको चौतर्फी विरोध भइरहेको छ र त्यसलाई फिर्ता लिन जनस्तरबाट समेत सरकारमाथि दबाब बढिरहेको छ । अध्यादेशले कानुनी राज्यको अवधारणालाई नै अनदेखा गरेको भन्दै वार एसोसिएसन समेतले विरोध जनाएको छ भने एमालेको भातृ संगठन अनेरास्ववियुले त सडक नै तताउन थालेको छ ।

यतिबेला सरकार अध्यादेशका कारण चौतर्फी घेराबन्दीमा परिरहेको छ । प्रधानमन्त्री देउवा आफ्नै नेतृत्वमा गठबन्धन सरकार बनाउने उद्देश्यका साथ राजनीतिक भेटघाटलाई तीव्रता दिइरहेका छन् । नागरिक उन्मुक्ति र जनमत पार्टीलाई सरकारमा सहभागी गराएर बहुमत पुऱ्याउने देउवाको राजनीतिक कसरत भने अध्यादेशका कारण विलखबन्दमा पर्ने सम्भावना देखिँदैछ ।

संसदभित्रको दोस्रो ठूलो दल एमालेले पनि सरकार निर्माणमा पहलकदमी सुरु गरिरहेको छ । एमालेका दोस्रा तहका नेताहरू माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग निरन्तर संवादमा रहेका छन् । अध्यक्ष केपी शर्मा ओलीले प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गर्ने सन्देश उनीहरूले पुऱ्याइसकेका छन् । एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई पनि वाम सरकारका लागि पहल गर्न सुझाइरहेका छन् । अलग नबस्न र **बाँकी ८ पेजमा**

## "एयर होस्टेज" माथि हातपात

काठमाडौं । करार सेवामा कार्यरत नेपाल वायुसेवा निगमका १ सय बढी एयर होस्टेज (क्याबिन क्रु) आन्दोलनमा उत्रिएका छन् । म्याद सकिनेबित्तिकै करार अवधि थप गर्न र जागिरको सुनिश्चितताको माग गर्दै निगमको केन्द्रीय कार्यालय सुन्धारामा उनीहरूले धर्ना दिएका हुन् । करार सेवामा रहेका कर्मचारीहरूको करार थप गर्ने समय पुग्दा पनि अवधि थप गर्न ढिलाई गरेको, करार नथप्ने प्रपञ्च गरेको भन्दै बिहिबारदेखि उनीहरूले निगमको कार्यालयमा धर्ना दिँदै कामकाजमा गएका छैनन् ।

निगममा करारमा रहेका झन्डै १२० जना क्याबिन क्रु धर्नामा रहेका छन् । निगमले १५ वर्ष करारमा सेवा गरेका आरती महर्जन र स्मिता गुभाजुको करार अवधि थप नगरेको भन्दै नेपाल वायुसेवा क्याबिन क्रु संघले एक विज्ञप्ति जारी गर्दै करारनामा नभएका कर्मचारीको करार थप गर्न माग गरेको छ । मासिक १०० घण्टाभन्दा बढी उडान गर्न नपाउने व्यवस्था रहेपनि सोभन्दा **बाँकी ८ पेजमा**

## मालेले गऱ्यो निर्वाचन समीक्षा




काठमाडौं । नेकपा (माले) ले हालै सम्पन्न निर्वाचनको समीक्षासहित केही महत्वपूर्ण निर्णय गरेको छ । केन्द्रीय कमिटीको सातौं पूर्ण बैठक (मंसिर २७ देखि २९ सम्म) ले उक्त निर्णय गरेको हो । रातो पुलस्थित केन्द्रीय कार्यालयको सभाकक्षमा सम्पन्न बैठकले महासचिव सीपी मैनालीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन पारित गर्नुका साथै पोलिटब्युरोका निर्णयहरू अनुमोदन गरेको छ । बैठकमा निर्वाचन अभियान परिचालन कमिटीका संयोजक, विभिन्न निर्वाचन क्षेत्रका संयोजकहरूले प्रतिवेदन **बाँकी ८ पेजमा**

## प्रहरीमा ३० वर्षे सेवाअवधि हटाउन चलखेल

काठमाडौं । शेरबहादुर देउवा नेतृत्वको कामचलाउ सरकारले दूरगामी असर पर्नेगरी विवादास्पद निर्णय र कार्य गर्न रेकर्ड तोड्न थालेको छ । सत्तास्वार्थका लागि जेलमा रहेका कैदीलाई छोड्ने गरी अध्यादेश ल्याएको सरकारले फेरि प्रहरीमा ३० वर्षे सेवा अवधि हटाउने गरी अर्को चलखेल थालेको छ ।


प्रहरी सेवामा दूरगामी असर पार्नेगरी सरकारले ३० वर्षे सेवाअवधि हटाउने गृहकार्य अघि बढाएको हो । सो गृहकार्यअनुसार नेपाल प्रहरीमा **बाँकी ८ पेजमा**

## आयो मेलम्चीको पानी

काठमाडौं । सिन्धुपाल्चोक मेलम्ची खोलाबाट ल्याइएको पानी आधा वर्षपछि फेरि उपत्यकाबासीका धारासम्म पुगेको छ । पछिल्लोपटक २०७७ चैत दोस्रो सातादेखि काठमाडौं उपत्यकामा खानेपानी वितरण सुरु गरिएको थियो । तर, १ असार २०७८ मा मेलम्ची नदीमा आएको बाढीपहिरोले संरचनामै क्षति पु-याएपछि खानेपानी खानेपानी वितरण बन्द गरिएको थियो ।

यसपछि बाढीले क्षति गरेको संरचना मर्मत गरेर अस्थायी **बाँकी ८ पेजमा**

## सीमामा भारतीय आतंक



काठमाडौं । मोरङको सीमावर्ती जहदा गाउँपालिका-७ तरिगामा नाकास्थित दसगजावारिको नेपाली बस्ती जहाँ सडक न नेपालको टेलिकम टावर छ । स्थानीयले आफ्नै खेतको उपज ल्याउन भारतीय सडकको प्रयोग गर्दा झमेला सहनु पर्छ । सडक र सञ्चारकै कारण सीमा क्षेत्रका नेपाली निराश छन् ।स्थानीय कन्हैयाकुमार साहले खेतमा **बाँकी ८ पेजमा**

## अर्थतन्त्र जोगाउन महासंघको सुझाव

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघले अर्थतन्त्रमा आन्तरिक र बाह्य कारणले बहुआयामिक प्रभाव परिरहेको भन्दै नेपाल राष्ट्र बैंकलाई ध्यानाकर्षण गराएको छ । तरलता व्यवस्थापन, ब्याजदर स्थायित्व एवं मूल्य स्थिरताका लागि नेपाल राष्ट्र बैंकले विशेष पहल गर्नुपर्नेतर्फ ध्यानाकर्षण गराएको हो ।

महासंघका अध्यक्ष शेखर गोल्छाको नेतृत्वमा गएको महासंघका पदाधिकारी, प्रदेश च्याप्टरका अध्यक्षहरू र कार्यकारिणी समितिका सदस्यहरू सम्मिलित प्रतिनिधिमण्डलले राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी सहितका उच्च अधिकारीहरूलाई भेटेर उक्त आग्रह गरेको हो ।

अर्थतन्त्रका महत्वपूर्ण आधारहरू जस्तो सिमेन्ट, डण्डी, घर जग्गा व्यवसाय, निर्माण, अटोमोबाइल लगायतको क्षेत्रमा ६० प्रतिशतसम्म गिरावट आएकाले तत्काल यी क्षेत्र लगायत सिंगो निजी क्षेत्रलाई चलायमान बनाउने वातावरण बनाउन अध्यक्ष गोल्छाले गभर्नर अधिकारी समक्ष आग्रह गरे ।




निक्षेपको ब्याजका कारण अन्य उपलब्धी नभई कर्जाको मात्रै ब्याज बढ्दा उद्यमी व्यवसायी प्रभावित भएको महासंघको धारणा छ । बजारलाई नियन्त्रण गर्न सुरू भएको करिब एक वर्षको अवधिमा बहुआयामिक जोखिम बढेको हुँदा सरकार एवं केन्द्रीय बैंकले अर्थतन्त्र जोगाउन महासंघले १० सुझाव दिएको छ ।

१. नेपाल राष्ट्र बैंकले २०७९ कार्तिक महिनादेखि लागू गरेको चालु पुँजी मार्गदर्शन २०७९ का व्यवस्थाले मुलुकको उद्यम व्यवसायमा प्रतिकुल असर पर्नेतर्फ नेपाल उद्योग वाणिज्य महासंघले पटक पटक आफ्नो धारणा सार्वजनिक गर्दै केन्द्रीय बैंकको समेत ध्यानाकर्षण गराउदै आएको र चालु पुँजीको अभावमा उद्योग सञ्चालनमै कठिनाई उत्पन्न भएकाले चालु पुँजी मार्गदर्शन २०७९ को कार्यान्वयन कम्तीमा दुई वर्ष स्थगन गर्नुपर्ने । दुई वर्षसम्म मार्गदर्शनमा निजी क्षेत्रलाई प्रभाव पार्ने व्यवस्थाको सुधारको पहल पनि जारी राख्नुपर्ने ।

२. निजी क्षेत्रको सुझाव, तरलता व्यवस्थापन एव **बाँकी ८ पेजमा**

## नेपालमा पर्यटन भित्र्याउन मेला

अमेरिकाको न्यूयोर्कमा 'न्यूयोर्क अन्तर्राष्ट्रिय ट्राभल्स शो' सम्पन्न भएको छ । २ वर्षयता कोभिडका कारण थला परेको पर्यटन क्षेत्रलाई पुरानै अवस्थामा फर्काउने भन्दै नेपाली पर्यटन व्यवसायीले अमेरिकाको न्युयोर्कमा ट्राभल्स शो आयोजना गरेका हुन् ।

ट्राभल ब्युरो अफ नेपालसँगको सहकार्यमा भएको कायक्रममा नेपालका विभिन्न पर्यटकीय क्षेत्रको जानकारी र प्याकेज लिएर **बाँकी ८ पेजमा**

## कोरियामा जागिर खुल्यो

काठमाडौं । दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत आउँदो एक वर्षभित्रै ४० हजार नेपाली कामदार लैजाने जनाएको छ । कोरियाका श्रम तथा रोजगार उपमन्त्री पार्क जोङपिलले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सचिव एकनारायण अर्याललाई यसबारे जानकारी दिएका हुन् । उपमन्त्री जोङपिल कोरियाली प्रतिनिधिमण्डलको **बाँकी ८ पेजमा**

## नीति निर्माणमै विदेशी चलखेल

समय सन्दर्भ

■ **युवराज गौतम**

२०१६ साल (सन् १९६०) पछिका साठी वर्षमा युरोप र अमेरिकाका विद्वान्हरूले सुक्ष्म अध्ययन गर्दा 'डेमोक्रेसी' विकृत बनिरहेको उल्लेख गरेका छन् । शक्ति राष्ट्रहरूले स्वतन्त्र राष्ट्रमा फौज पठाएर शासन गरेका धेरै उदाहरण छन् तर साम्राज्यवाद र विस्तारवादको त्यो नांगो रूप डेमोक्रेसीको भावना एवं मर्म विपरीत छ भनेर स्वतन्त्र व्यक्तिहरू बोल्न डराउँछन् । डेमोक्रेसीको डमरु सुनेर ती प्रशन्न छन् । जनतामा आर्थिक र सामाजिक विभेद देखिनु, भ्रष्टाचार बढ्नु, निर्वाचनमा धाँधली, साम्प्रदायिक संकीर्णता, शक्तिको दुरूपयोग, बाह्य हस्तक्षेपलगायतका महामारीबाट प्रजातन्त्रलाई बचाउनुपर्ने दल मात्रै भेटिए भने डेमोक्रेसी हुन्छ भन्ने सोच नेपालमा पनि प्रबल हुँदै गएको छ ।

भारतमा ३५ सय जति दल दर्ता भएको देखिन्छ । यो संख्या बढ्दो छ । उता नाउरू (नारू) राष्ट्र '२१ वर्ग-किलोमिटरमा फैलिएको छ,' जहाँ कुनै राजनीतिक दल छैनन् । त्यहाँको प्रतिव्यक्ति आय दशहजार डलरभन्दा धेरै छ । सुख, शान्ति, समृद्धि सबै छ । त्यहाँ डेमोक्रेसीको डमरु डम्डम् बजिरहन्छ तर चुनावमा मात्र । अरू बेला सबैजना काममा व्यस्त रहन्छन् । त्यो प्रजातन्त्र हो कि होइन ?

बहुमतको शासन मात्रै डेमोक्रेसी होकि अल्पमतको कदर पनि ?एन्थनी म्याक्गनले 'द टाइरेनी अफ द सुपर मेजोरिटी रुल प्रोटेक्टस माइनरिटी' ग्रन्थमा यस्ता अनेक प्रश्न गरेका छन् । सेन्ट्रल अफ्रिकन रिपब्लिक, कंगो, बुर्किना फासो, चाड आदि दरिद्र राष्ट्रमा पनि गणतन्त्रात्मक पद्धति र डेमोक्रेसीको डमरू प्रसिद्ध छ । धेरैले मन्त्रकै रूपमा जपेका छन् तर व्यवहारमा जनता ठगिएका छन् ।

कलह, गृहयुद्ध, अनिकाल, बाह्य हस्तक्षेपको दुर्दान्त, दुर्दमनीय र दुष्कर कालखण्ड भोगे, धेरै राष्ट्रले । डेमोक्रेसीका नाममा अटोक्रेसी, ओलिगार्की, अनार्की आदि देखेपछि युवाले पुरानो पुस्तालाई दुत्कारिरहेका छन् । जनताले त्यागे पनि असफलहरूको जत्था त्याग्न नसक्ने लाखौं कार्यकर्ता जीवित छन् । डेमोक्रेसीको डमरू बजाउने उनै हुन् ।

दलहरूले राष्ट्रहित गरेनन् भन्दै एसियाका पाकिस्तान, बांगलादेश, म्यान्मारलगायतका राष्ट्रमा सेनाले पटक-पटक हस्तक्षेप गरेका उदाहरण छन् । प्रायोजित क्रान्ति गराउनेहरू सक्रिय छन् । भारतमा सरकार र प्रेसबीच बढेको अविश्वासका कारण सत्तारूढ दलले ठूलो आलोचना भोग्नु परिरहेको छ । सत्ताले जे चाहन्छ त्यो मात्रै सत्य हुन्छ भन्दै सत्ताको काख (गोदी) र त्यसकै वरिपरि रमाउने भारतमा 'गोदी पत्रकारिता' बद्नाम शब्दावली भएको छ । राष्ट्रका प्रमुख तीन अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाझैँ जिम्मेवार हुनुपर्ने 'चौथो अंग' दायित्वच्युत, कर्तव्यच्युत र चरित्रच्युत हुँदै गएको गुनासो नेपालमा झन् धेरै सुनिन्छ ।

ब्रिटेनका पूर्वप्रधानमन्त्री मार्गरेट थ्याचरको कथन घतलाग्दो र तर्कपूर्ण छ- 'राष्ट्रहित नहुने विषयमा पनि राष्ट्रिय सहमति खोज्छन् भने उनीहरू मेरै कन्जरभेटिभ दलका भए पनि राष्ट्रघाती नै हुन् ।' थ्याचरको कुरा प्रष्ट छ, जतिसुकै प्रभावशाली र शक्तिशाली भए पनि जसले राष्ट्रघात गर्छ, ऊ राष्ट्रघाती हो ।

यस्तै एकसय चालीस करोड भन्दा धेरै जनसंख्या भएको भारतमा विश्वविद्यालयका विद्यार्थीमा गरिएको सर्वेक्षणमा उनीहरूले रोचक तर्क दिएका छन् । उनीहरूको कथन छ, व्यक्ति, संगठन **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# विवादास्पद अध्यादेश फिर्ता गर

नेपाली कांग्रेसका सभापति समेत रहेका वर्तमान कामचलाउ गठबन्धन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवपाले 'टीकापुर हत्याकाण्ड' मा दोषी ठहर नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी, नेत्रविक्रम चन्द नेतृत्वको नेकपा (बहुमत) र सिके राउत नेतृत्वको जनमत पार्टीलाई सहज हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता संशोधन गरेर अध्यादेश ल्याएको छ । सो अध्यादेश प्रमाणीकरणका लागि राष्ट्रपतिको कार्यालय शितलनिवास पुगेको छ । यदि राष्टपतिको कार्यालय शितलनिवास पुगेको छ । यदि राष्ट्रपतिले अध्यादेश प्रमाणीकरण गरिदिए त्यसले कानुनको रूप लिनेछ र कार्यान्वयनमा आउनेछ । फौजदारी अभियोगमा दुई तहका अदालतले दोषी ठहर गरेर बन्दी जीवन बिताइरहेकाहरूलाई उन्मुक्ति दिन ल्याइएको अध्यादेशले अपराधलाई राजनीतिकरण त गर्छन् अदालतको समेत हुर्मत दिने देखिन्छ । रेशम चौधरीको मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधीन छ । अदालतको निर्णय आउनुअघि नै मुद्दा फिर्ता लिने र अपराधीलाई चोख्याउने सरकारको हर्कत अत्यन्त निन्दनीय छ । यसले कानुनी राज्यको मर्ममाथि नै प्रहार गरेको छ ।

निर्वाचनपछि नयाँ सरकार बन्ने प्रक्रियामा मुलुक गइरहेको अवस्थामा गठबन्धन सरकारले बहुमत पुऱ्याउन चौधरीकाे पार्टी नागरिक उन्मुक्ति पार्टीलाई समावेश गर्न कानुन संशोधन गर्न लागेको हो । संविधानको रक्षा गर्छौं' भन्ने चुनावी नारा घन्काएको गठबन्धन सरकारले संविधानको भावनामाथि नै असर पर्ने गरी यस्तो अध्यादेश ल्याएपछि यसको चौतर्फी विरोध भइरहेको छ । नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी लगायत कांग्रेसभित्रैबाट अध्यादेशको आलोचना मात्र भएको छैन अध्यादेश फिर्ता गर्न सरकारलाई आग्रह गरिएको छ । अध्यादेशबाट पीडित पक्ष विक्षिप्त बनेका छन् । देशमा न्याय हराइरहेको उनीहरूको ठहर छ । अध्यादेशले दर्जनौं मानिसलाई जिउँदै इँटाभट्टामा हालेर खरानी पार्ने कांग्रेस नेता मोहम्मद अफताव आलमसमेत जेलबाट छुटने अवस्था देखिएको छ । जेलका अपराधी छुटाएर सरकार बनाउन उद्यत प्रधानमन्त्री देउवा नेपाली राजनीतिका विसंगतिका बाहक मानिन्छन् । जम्बो मन्त्रिपरिषद् बनाएर राजाका पालाका कांग्रेस पार्टी फुटाएर अध्यादेशको आधारमा एमाले पार्टी फुटाएर सांसदहरूलाई पजेरो प्राडो किन्ने सुविधा दिएर होस वा खरिद गरेर जे गरेर भए पनि सत्तामा पुग्ने विशेषज्ञता हासिल गरेका सत्ताका सदावहार सौदागर हुन् देउवा । लोकतन्त्रलाई नारायणहिटीमा किस्तीमा हालेर टक्र्याउने उनै देउवा अहिले पनि अनवरत सत्ताको नेतृत्वमा बस्नकै लागि अपराधी छुटाएर सरकार बनाउने खेलमा छन् ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६ मा उपदफा ९ थप्दै अपराधीलाई आममाफी दिने प्रावधान राखेर ल्याएको अध्यादेशको १३ जना पूर्वप्रहरी महानिरीक्षकहरूले समेत निन्दा गरेका छन् । अध्यादेशले सिंगो प्रहरी संगठनको मनोबल गिर्ने उनीहरूको भनाइ छ ।

राष्ट्रिय मानव अधिकार आयोगले समेत यसबारे सरकारसँग चासो प्रकट गरेको छ । विधिको शासनको सम्मान गर्ने कसैले पनि अध्यादेशको समर्थन गर्न सक्दैन । सत्ता स्वार्थका लागि जे पनि गर्ने र राजनीतिलाई अपराधीकरण गर्ने छुट गठबन्धन सरकारलाई छैन । राजनीतिलाई अपराधीकरण गर्दै जेलमा बसेका व्यक्तिलाई मुक्त गरी उसको दललाई सरकारमा सहभागी गराउने प्रपञ्च जुन गरिँदैछ त्यो लोकतान्त्रिक शासन व्यवस्थामाथिकै धावा हो । जनमत अनुसारको नयाँ संसद बन्ने क्रममा रहेकै समयमा त्यसलाई छल्ने गरी प्रक्रिया अपनाएर अध्यादेश ल्याउनु, खलनायकीपनका रूपमा लिनुपर्छ । सरकारले अविलम्ब अध्यादेश फिर्ता गरेर आफ्नो गल्ती सच्याउनुपर्छ । राष्ट्रपतिले विधेयक प्रमाणीकरण नगरी तामेलीमा राखेर सरकारको गैरलोकतान्त्रिक हर्कतलाई रोकिदिनु अझ राम्रो हुनेछ ।

# फोहोरको डुँगुरमा सुँगुरहरूकै हालीमुहाली



**सुरेन्द्र ढकाल**



यदि संसारको कुनै देशको राजनीति फोहोरी छ भने त्यो नेपालको मात्रै हुनुपर्छ । देशको ऐन–कानुनले बहुविवाहलाई अपराध मान्छ । झन् त्यसमाथि पनि अर्काकी छोराछोरी सहितकी श्रीमतीलाई उछिट्ट्याएर बहुविवाह गर्नु विकृति नै हो । त्यतिमात्रै कहाँ हो र त्यसरी लिएर आएका दुवै श्रीमतीलाई समानुपातिकतर्फको संघ र प्रदेश दुवैको सांसद बनाउनुले त नेपालको राजनीति सुंगुरहरूको हालीमुहाली भएको फोहोरको डुंगुर भन्दा फरक नपर्ला ।

अर्कोतर्फ कहीँ नभएको जात्रा हाँडीगाउँमा भने जस्तै देशका प्रधानमन्त्री लगायतका नेता भनाउँदाहरू आफ्नै श्रीमतीलाई सांसद बनाउँछन् । हिजो राजाको शासन जहाँनिया भयो भनेर गणतन्त्रको लागि आन्दोलन गर्नेहरूले के को लागि आन्दोलन गरेका रहेछन भन्ने कुरा प्रष्टै छ ।

स्वास्नी, छोराछोरी, ज्वाइँ, भाइ, भतिजा, तीनपुस्ता भित्रका आसेपासेहरूलाई सांसद र लाभको पद वितरण गर्ने नातावाद, कृपावाद र फरियावाद नै गणतन्त्रको विशेषता रहेछ भन्ने कुरा नेपालको गणतन्त्रले सावित गरिदिएको छ । फोहोर खाने सुँगुरहरूको न त कुनै सिद्धान्त, न विचारधारा न विधि न कुनै प्रकृया हुन्छ । जुन सँगुरले पहिले गएर फोहोरमा थुतुनो गाड्यो उसैले पेट भऱ्यो भनेजस्तै नेपालको राजनीति फोहोरको डुँगुर र यहाँका अधिकांश कार्यकर्ता र नेताहरूले आफूलाई विना लाजसर्म सुँगुरमा परिणत गरिरहेका छन् । यिनलाई मत दिएर जिताउनेहरू त्यसमा खुसियाली ब्यक्त गर्दै शुभकामना दिइरहनुले अब देशमा मतदाता सुँगुरहरूको पनि ठूलै जमात बन्दै गएको देखिन्छ । पोथि सुँगुरलाई अंग्रेजीमा Swine भनिन्छ । त्यसैले सुँगुरहरूलाई लाग्ने रुघालाई Swine Flu भनिएको हो ।

मानिसमा यो Flu सर्ने अवस्था भनेको कोरोना जस्तै महामारीकै अवस्था हो । यसरी हेर्दा नेपाल भन्ने देश कुनै दिन रहेन भने त्यसको मुख्य कारण यही Swine Flu हुन सक्छ । यस देशको राजनीतिले देशका नदीनालालाई ढलमा परिणत गरेकै छ ।

फोहोरका डुँगुरहरूले राजधानी लगायतका शहरहरू डुङ्डुङ्ती गन्हाइ नै रहेका हुन्छन भने देशको राजनीतिमा सुंगुरहरू स्थापित हुनुलाई स्वभाविक नै मान्नु पर्दछ । त्यसैले नेता सुंगुरका पछाडि दगुर्ने कार्यकर्ता र मतदाता सुंगुरहरूको संख्या बढ्नुलाई अन्यथा लिन मिल्दैन । फोहोरको डुंगुरमाथि सुंगुरहरूको हालिमुहाली हुनु स्वभाविकै हो ।

# बेपत्ता नागरिकप्रति दलहरू उदासिन किन ?

**ईश्वर विश्वकर्मा**

राज्य नै निर्लज्ज भएपछि के लाग्छ र ? देशमा कानुन त छ तर सामान्य नागरिकलाई होइन । २०५२ सालको जनयुद्धदेखि दश वर्षे यात्रामा आमुल परिवर्तनका लागि भनेर कति बेपत्ता भए यसको यकिन तथ्य राज्यसँग अझै पनि आएको छैन । आफ्ना परिवारका सदस्य आउने आशमा आँखा ओभानो पारी बसिरहेका छन् घरका सदस्यहरू । या त सास कहाँ छ भनिदेउ होइन भने फलानो ठाउँमा मृत्यु भयो भनिदेऊ भनी बेपताका आफन्तहरूले राज्यसँग हारगुहार गरेको धेरै नै भैसक्यो । 'कि सास देउ कि लास देउ' भन्ने प्लेकार्ड बोकेर धेरै ठाउँमा भौंतारिरहेका छन् आफन्तजनहरू । जनयुद्ध लडेको पार्टी नै सरकारको नेतृत्व गर्न दुई-दुई पटक सफल भइसक्यो तर बेपत्ताको अवस्था ज्यूँ का त्यूँ छ । आफ्नो परिवारको सदस्य आउने आशमा अझै पनि उनीहरूले आँखा झिमिक्क पारेका छैनन् । मृत्यु सजिलो हुन्छ तर दोसादमा बस्नु निकै गाह्रो हुन्छ । बेपताका परिवारजनहरूले संगठित रुपमा आफ्ना बेपत्ता भएका सदस्यहरूको खोजबिन एवं सार्वजनिकीकरणका लागि थुप्रै पहलहरू गर्दै आए पनि राज्यले सुनेको नसुनेझैँ गरिरहेको छ ।

पक्राउ पर्नेबित्तिकै सम्बन्धित अदालतसमक्ष रिहाइका लागि थुप्रै पटक निवेदन प्रस्तुत गरिए । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकारवादी संघ-संस्थामा सहयोगका लागि पुग्ने कार्य दैनिकजस्तो नै भए तर कतैबाट पनि प्रभावकारी रुपमा यसको सुनुवाई अहिलेसम्म भएको छैन । आफ्ना गुनासोको सुनुवाही नहुँदा बेपत्ता पारिएका आफन्तहरूको सार्वजनिकीकरणको लागि हरेक पटकका प्रधानमन्त्रीसमक्ष थुप्रै मागपत्रहरू प्रस्तुत पनि भए तर, मागउपर सम्बोधन नगरिँदा पटक-पटक प्रधानमन्त्रीको कार्यालय सिंहदरबार लगायत देशका ७५ वटै जिल्ला प्रशासन कार्यालयहरू समेतमा घेराउ भए । त्यसमा सैनिक मुख्यालय घेराउ, मानव बधशालाको रुपमा चर्चामा आएको भैरवनाथ गण घेराउ, जस्ता थुप्रै सशक्त तथा दबाबमूलक कार्यक्रमहरू गरिँदै आएको भए पनि सुनिदिने निकायले नै नसुनिदिएपछि बेपत्ता परिवार पानीबिनाको माछो जस्तै भएका छन् भने राज्यप्रतिको आक्रोश त्यतिकै बढेर गएको छ ।

त्यस्तै, आफन्तहरूको सार्वजनिकीकरणमा राज्यले ध्यान नदिएको विषयलाई लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-सस्था, पत्रकार, बुद्धिजीवी, राजनीतिक दल एवं व्यक्तिहरूको उपस्थितिमा अन्तरक्रिया तथा छलफलका नगरिएका होइनन् तर, ती तमाम संघर्षहरूको परिणाम प्रभावकारी हुन नसकेको पृष्ठभूमिमा यो न्यायिक सरकारले केही गर्छ कि भन्ने आशा बेपत्ता आफन्तहरूले गरेका भए पनि जुन जोगी आए पनि कानै चिरेको भन्न बाध्य भएको छ वेपता परिवार ।

जनयुद्धका क्रममा राज्यले सामन्तवादी राजतन्त्रात्मक व्यवस्था टिकाइराख्न राजनीतिक आस्था र विचारका आधारमा व्यापक एवं योजनागत ढंगले मानिस पक्राउ गर्ने र बेपत्ता पार्ने कार्यहरू बढाउँदै लग्यो । खासगरी, कञ्चनपुर, कैलाली, बर्दिया, सल्यान, रोल्पा, दाङ, बाँके, गोरखा, काठमाडौं, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, सिराहा, मोरङ लगायत देशका विभिन्न ठाउँमा मानिस पक्राउ गर्ने र बेपत्ता पार्ने कार्यहरू अत्यधिक बढाइए । यसको प्रतिकार गर्न बेपत्ताव्यक्तिका परिवारजनले एक्लाएक्लै सम्भव थिएन । तसर्थ, समूहगत एवं सामूहिक ढंगले अगाडि बढ्नैपर्ने स्थितिको सिर्जना भएपछि राज्यद्वारा बेपत्ता पारिएका योद्धाहरूका आफन्तजनबाट राज्यद्वारा बेपत्तायोद्धा परिवार समाजको स्थापना गरी आफ्ना परिवारका सदस्यहरू खोज्न लागिपरिरहेका छन परिवारजन । 'राजनीतिक आस्थाकै कारणले हाम्रा परिवारजन बेपत्ता पारिएका हुन् त्यसैले, यो आन्दोलन पनि राजनीतिसँग जोडिनु स्वाभाविकै हो ।' तर नेपालमा मात्र हैन, संसारमै यस्ता प्रकृतिका बेपत्तासँग जोडिएका आन्दोलन राजनीतिसँग नजोडिएको कहीँ-कतै छैन । यही आधारमा कतिपय पक्षबाट “यो त माओवादीको मात्र सरोकारको विषय हो” भन्ने गरिएको पनि सुनिन्छ । साथै, संविधान र शान्तिका लागि राजनीतिक सहमतिका कुरा गर्दा सम्पत्ति तथा जग्गा-जमिनको विषयलाई प्राथमिकताका साथ अगाडि ल्याएर मानिसबेपत्ताको विषयलाई ओझेलमा पार्न खोजिएको अनुभूति भइरहेको वेपता परिवारहरूको भनाई रहेको छ ।

मानिसको स्वतन्त्रतापूर्वक बाँच्न पाउने मानवीय संवेदनशीलतासँग जोडिएको बेपत्ता पार्नेजस्तो अत्यन्त पीडादायी र अमानवीय कार्यको परिणति जो-कोहीलाई पनि पर्न सक्ने भएकोले यो विषयलाई ओझेलमा नपारी प्राथमिकताका साथ अगाडि ल्याइदिन सम्बद्ध पक्षसँग वेपता परिवारजनले आग्रह गरेको पनि निक्कै लामो समय भैसकेको छ तर सम्बन्धीत निकाय कानमा तेल हालेर बसेको छ । यस्तो संवेदनशिल विषयमा पनि चासो नराख्नुले कतै राज्य नै संवेदना हराएको त हैन भन्ने भान पर्न थालेको छ ।

देशका नागरिकको सुरक्षा गर्ने जिम्माको ठेक्का लिएको राज्यले नै आफैंसँग सुतेको अवस्थामा, खाना खाइरहेको अवस्थामा, काम गरिरहेको अवस्थामा पक्राउ गरी लगेका परिवारजन कहाँ लगेको हो भन्ने आज सम्म थाहाँ छैन यसबाट के पुष्टि हुन्छ भने यस्तो राज्य बाट जनताले के आश गर्ने ? आज, भरे आऊला वा भोलि आऊला, मनमा खाली यही कुरा खेलिरहेको हुन्छ परिवारजनमा । कसैले खबर ल्याउँछन्: “ऊ त फलानो ठाउँमा देखिएको रे !” कसैले सुनाउँछन् “उसलाई त अज्ञात स्थानमा थुनेर राखिएको छ रे, साऱ्है दुब्लो र ख्याउटे पो छ रे !” यस्तै, यस्तै । सँगै हिँडेका र सँगै बसेका दौंतरीहरू कोही यतै देखिन्छन्, कोहीले सहादत प्राप्त गरिसके । जब सँगैको साथी झलक्क देख्न पुगिन्छ, जब सहिदको औपचारिक संस्मरण र सम्मानमा सरिक होइन्छ तब बेपत्तापरिवार झसङ्ग हुन्छन । खै !

हाम्रा बेपत्तायोद्धाको औपचारिक सम्मान? घरको मुख्य व्यक्ति वर्षौंदेखि बेपत्ता छ, घरपरिवार बिचल्लीमा छन्, यी यस्तै कुराहरूले बेपत्तायोद्धाका परिवारजन लगातार पीडामा रहन बाध्य बनाएको छ राज्यले नै । त्यसैले, बेपत्तालाई विशुद्ध मानवीय संवेदनाको विषय मानिदो रहेछ, जसलाई पनि पर्न सक्ने ।

यो कुनै दलविशेषको मात्र सरोकारको विषय हुनै सक्दैन । त्यसैले, हामी बेपत्तायोद्धा परिवार समाजको अनुभव र अनुभूतिका आधारमा भन्छौं कि, भविष्यमा यस्तो पीडा कोही-कसैले भोग्न नपरोस् । अब आइन्दा कोही पनि बेपत्ता हुन नपरोस् भन्छन राज्यद्वारा वेपता योद्धा परिवार समाजका अध्यक्ष एकराज भण्डारी ।

बेपत्ता जोसुकै जस्तोसुकै नागरिक भएपनि यो देशको एउटा नागरिक हो । आफ्ना नागरिकहरूको सुरक्षाको जिम्मा लिएको निकायले नै यस्तो हर्कत गरेपछि आहात भएर बस्न बाध्य छन् परिवारजन । यस्तो वेपत्ता पारिनेमा सामान्य नागरिकदेखि लिएर विद्यार्थी, पत्रकारलगायतका नागरिकहरू पनि छन् । प्रतिवोध मासिकका तेजमान विश्वकर्मा अशोक अकेला थिए भने अन्य मा वीपीन भण्डारी, सीएन ढुंगाना, अम्बर विश्वकर्मा, निश्चल नकर्मी, ज्ञानेन्द्र त्रिपाठी, रेणुका दुलाललगायत थुप्रै देशको राजधानी जस्तो ठाउँ काठमाडौंबाट नै वेपत्ता पारिएका हुन् जसको अहिलेसम्म परिवारजनलाई कुनै खबर गरिएको छैन् ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना २०५४ सालमा भएको हो । यो समयमा जनयुद्ध थालनी भई राज्यद्वारा मानिस पक्राउ गरी योजनाबद्ध ढंगले बेपत्ता पार्ने क्रम सुरु भइसकेको थियो । राजनीतिक आस्था र विचारका आधारमा राज्यद्वारा व्यक्ति पक्राउ पर्दा सबैभन्दा पहिले हारगुहार गर्ने ठाउँ भनेकै राष्ट्रिय मानवअधिकार आयोग भए तापनि त्यस निकायबाट समेत प्रभावकारी उपचार पाउन नसकिएको यथार्थता कसैबाट पनि लुकेको छैन । हाल संवैधानिक निकायको हैसियत प्राप्त गरे तापनि आयोगका बेपत्ता सम्बन्धी सिफारिसहरू सरकारले कार्यान्वयन नगर्दा यसको प्रभावकारिता माथि नै प्रश्नचिन्ह उठेको छ । वास्तवमा, आयोगले बेपत्ता नागरिकका परिवारलाई अन्तरिम राहत प्रदान गर्ने, दोषीलाई कारबाही गर्ने लगायतका थुप्रै सिफारिसहरू गरेको भए तापनि सरकारले तिनको कार्यान्वयन अहिलेसम्म पनि गरेको छैन ।

बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय मापदण्डले बेपत्ता पार्ने कार्यलाई गम्भीर प्रकृतिको अन्तर्राष्ट्रिय अपराधको रुपमा परिभाषित गर्दछ र हरेक राष्ट्रलाई राष्ट्रिय कानुनअन्तर्गत बेपत्ता पार्ने कार्यलाई अपराध मान्न, त्यस्ता घटनाको निष्पक्ष छानबिन गर्न, दोषीउपर कारबाही गर्न, पीडितलाई परिपूर्ण प्रदान गर्न र भविष्यमा यस्ता कुरा नदोहोरिने सुनिश्चितता प्रदान गर्न राज्यलाई निर्देश गर्दछ । संसारका हरेक देशमा भएका बेपत्ताका घटनाका पछाडि कुनै न कुनै रुपमा राजनैतिक कारण नै देखिन्छ । चिली, ग्वाटेमाला, अर्जेन्टिना, एल साल्भाडोर, रुवान्डा, दक्षिणअफ्रिका आदिलाई उदाहरणको रुपमा लिन सकिन्छ ।

बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, १९९२ र बेपत्ताविरुद्धको महासन्धि, २००६ यिनै राजनैतिक घटनाक्रममा आधारित भएर बनाउनुपरेको थियो । बेपत्तासम्बन्धी घोषणापत्रले व्यापक, व्यवस्थित र योजनाबद्धरुपमा बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराध मान्दछ । व्यापक र व्यवस्थित ढंगले ठूलो सख्यामा बेपत्ता तब मात्र पारिन्छ जब त्यहाँ राजनैतिक अभीष्ट पूरा गर्ने योजना हुन्छ । नेपालमा पनि योजनागत ढंगले व्यापकरुपमा बेपत्ता पार्ने जुन काम भयो त्यो राजनैतिक अभीष्ट पूरा गर्न गरिएको अपराध थियो । त्यसैले, यसरी बेपत्ता पार्ने कार्य राजनीतिक आवरणमा गरिने मानवताविरुद्धको घृणित अपराध हो भन्न सकिन्छ ।

जनयुद्धका क्रममा तत्कालीन राज्यसत्ताद्वारा राजनीतिक आस्था र विचारको आधारमा मानिस पक्राउ गरेर बेपत्ता पारिएको हो । त्यसैले, यो विशुद्ध राजनीतिक विषयसँग जोडिएको छ । १२ बुँदे समझदारीको ८औं बुँदामा शान्तिप्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारको मूल्य-मान्यताहरूलाई पूर्ण सम्मान गर्न र तिनका आधारमा अघि बढ्ने प्रतिबद्धता गरिएको छ ।

त्यसैगरी, विस्तृत शान्तिसम्झौताको बुँदा नं. ५.२.३ मा “दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मन्जुरी गर्दछन्” भन्ने उल्लेख छ ।

अन्तरिम संविधानमा राज्यको दायित्व शीर्षकअन्तर्गत धारा ३३.थ मा ”सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा गठित छानबिन आयोगको प्रतिवेदनका आधारमा त्यस्ता व्यक्तिहरूका पीडित परिवारहरूलाई राहत उपलब्ध गराउने” भनिएको छ । आज विस्तृत शान्तिसम्झौता भएको यतिका वर्ष भैसक्दा पनि संघीय गणतन्त्रको माग गरेबापत् बेपत्ता पारिएका यी नागरिकहरू देश गणतन्त्रमा हुँदा पनि बेपत्ताकै स्थितिमा रहनुले गणतन्त्रकै उपहास हुन पुगेको छ । अझ गणतन्त्रविरोधीहरूलाई नै गणतन्त्रात्मक राज्यको तर्फबाट तक्मा भिराइदिँदा त झन् बेपत्तापरिवारको मात्र होइन गणतन्त्रप्रेमी जोकोही नेपाली आक्रोशित भएका छन् । तसर्थ, बेपत्ता नागरिकको विषय देशको राजनीतिक परिवर्तनसँग जोडिएको विषय हो ।

राजनीतिक आस्था र विचारको आधारमा नागरिक बेपत्ता पार्ने कार्यमा २०५४ सालदेखि २०६२ सालसम्म तत्काल सरकारमा भएका तथा प्रतिपक्षमा रहेका राजनीतिक दलहरू तथा तीसँग कुनै न कुनै रुपले आबद्ध व्यक्तिहरूको समेत संलग्नता कुनै न कुनै रुपमा देखिन्छ । खासगरी, विसं २०५८ देखि राजाको सक्रियता अझै बढ्यो र सेना परिचालन समेत गरियो । २०५८ को संकटकालपछि बेपत्ता पार्ने कार्य व्यापकरुपमा बढेको देखिन्छ । यो अवधिमा मानिस पक्राउ गरेर बेपत्ता पार्ने कार्य सेनाबाट व्यापक, नियोजित एवं योजनागत ढंगले नै भएको देखिन्छ किनकि त्यसबेला युनिफाइड कमान्डको नेतृत्व तत्कालीन शाही नेपाली सेनाबाटै गरिएको थियो । त्यस्तै, नागरिकलाई बेपत्ता पार्ने नीतिगत कुराको जानकारी तत्कालीन सरकार एवं प्रतिपक्षमा रहेका दलका नेताहरूलाई अवश्य छ ।

त्यसैगरी, बेपत्ता पार्ने कार्यको कार्यान्वयनको एक-एक विस्तृत फेहरिस्त एवं जानकारी तत्कालीन शाही नेपाली सेना तथा हालको नेपाली सेनालाई छ । कार्यान्वयनको तहमा सेनाका तल्लो तहका व्यक्तिहरू साक्षीका रुपमा छन् । तर, जबसम्म यी साक्षीहरूले आफ्नो सुरक्षाको अनुभूति गर्दैनन् तबसम्म यिनले बेपत्ताबारे मुख खोल्न सक्ने स्थिति देखिन्न । त्यसैले, नेपाली सेनाको लोकतान्त्रीकरण बेपत्ता नागरिकको सार्वजनिकीकरणसँग प्रत्यक्ष जोडिएको विषय हो भनी हामी निश्चितताका साथ भन्न सक्छौं । त्यसैगरी, त्यसबेला सरकार एवं प्रतिपक्षमा भएका दल र नेताहरूले पनि बिना कुनै हिच्किचाहट बेपत्ता पार्ने कार्यको नीतिगत कुराको जानकारी राखनै पर्छ ।

परिवारका प्रिय सदस्यको लामो तथा निरन्तर बेखबरको पीडाले वेपता परिवारजनमा पलपल घोचिरहेको र तड् पाइरहेको छ । जब तिनको सम्झनाले मानवीय संवेदनामा आक्रमण गर्छ तब मुटु फुट्ला जस्तै हुन्छ । छिटो आऊ दिन, छिटो जाऊ रात भन्ने त बेपत्ताका परिवारजनको दिनचर्या नै हुँदै आएको छ अहिलेसम्म । अनिश्चयको प्रत्येक पल महिनौं जस्तो भइरेहेको छ उनीहरूलाई ।

कतिन्जेलसम्म आश गरी बस्नु वेपता परिवारजनहरू । यो अवस्थालाई राज्यले छिटो भन्दा छिटो टुङ्ग्याउनु जरुरी छ ।

# मैले देखेको २२८ औं विश्व महत्वको कुरा

# प्योङ्याङको जुछे टावर


सुरेन्द्र ढकाल



जुछे टावर अगाडिबाट हेर्दा



जुछे टावर तलबाट हेर्दा



टावरको मुनि बग्दै गरेको डेडोङ नदी



टावरको टुप्पाबाट देखिने प्योङ्याङ सहरको दृश्य



टावरकी प्रमुख कार्यकारी अधिकृतसँग सुरेन्द्र

१२ अगष्ट २०१९ को बिहान ७:३० मा ब्रेकफास्ट गरी हामी प्योङ्याङको केन्द्रमा रहेको ऐतिहासिक जुछे टावर अवलोकन गर्न भनेर गयौं। हामी त्यहाँ पुग्दा बिहानको ९ बजेको थियो। उक्त टावर प्रशासनकी प्रमुख महिला रहिछन्। उनले हामीलाई टावरको मुख्य द्वारमा नै स्वागत गरिन् र क्रमशः टावरबारे अंग्रेजी भाषामा बताउन शुरु गरिन्।

१७० मिटर अग्लो उक्त टावर कोरियाका संस्थापक राष्ट्रपति कीम इल सुङले प्रतिपादन गर्नु भएको जुंछे विचारधाराप्रति समर्पित रहेछ। यस टावरको डिजाइनर स्वयं जनरल कीम जोङ इल हुन् भन्दा रहेछन्।

कोरियाको आफ्नै खानीको ग्रेनाइट र चुन ढुंगाले बनेको यस टावरको निर्माण सन १९८२ मा सम्पन्न भएको रहेछ। राजधानी प्योङ्याङ भई बग्ने डेडोङ नदीको पूर्वी किनारमा अवस्थित यस टावर उही नदीको पश्चिम किनारमा रहेको किम इल सुङ स्क्वायरको ठ्याक्कै पारीपट्टि मिलाएर ठड्याइएको रहेछ।

संस्थापक राष्ट्रपति कीम इल सुङको ७०औं जन्मोत्सवको स्मारकको रुपमा यस टावरलाई लिइँदो रहेछ। पेगोडा शैलीको हल्का नक्कल गरिएको यस टावर खडा गर्न २५५५० ब्लक ग्रेनाइट प्रयोग गरिएको रहेछ जुन अंक भनेको कीम इल सुङको ७० वर्षको उमेरलाई ३६५ दिनले गुणा गर्दा हुन आउने रहेछ।

टावरको टुप्पामा रहेको ४५ टनको धातुको द्वीप प्रज्वलन (टर्च) को उचाइ भने २० मिटरको रहेछ। यही टर्चमुनिको बार्दलीबाट पुरै प्योङयाङ शहरको दृश्यावलोकन हुँदो रहेछ। १७० मिटरको उचाइलाई हरेक २० मिटरको तलामा भाग लगाइएको रहेछ। टावरको भुइँतलामा स्वागत कक्ष बनाइएको रहेछ जसको भित्तामा नेपालसहित विश्वका विभिन्न देशबाट टावर अवलोकन गर्न आएका जुंछे विचारधारा मान्ने व्यक्तिको नाम र उनीहरूसँग सम्बन्धित संस्थाको नाम उल्लेख गरिएको ८२ वटा शिलापत्रहरू टाँसिएका रहेछन्। यो टावर विश्वकै दोस्रो अग्लो स्मारक टावरको रुपमा गनिदो रहेछ।

टावरकै छेवमा ३० मिटर अग्लो हँसिया हथौडा र ( अक्षर लेख्ने) ब्रस बोकेको ३ जनाको स्टालिन सोभियत शैलीमा बनेको संयुक्त मूर्ति रहेछ जसमा हँसिया बोक्नेले किसान, हथौंडा बोक्नेले मजदुर र ब्रस बोक्नेले बुद्धिजीविको प्रतिनिधित्व गरेको बताइदो रहेछ। जुन तीन कुरा कोरियाको वर्कस पार्टीको झण्डामा पनि अंकित रहेछ।

हामी लिफ्टबाट टावरको टुप्पामा रहेको बार्दलीमा गई राजधानी प्योङ्याङको चारै दिशाबाट अवलोकन गऱ्यौं। करिब १५ मिनेट बार्दलीमा बसी पुनः भुइँतलाको आगन्तुक कक्षमा आएपछि हामीले त्यहाँको चिनो किन्यौं। मैलै चाहिँ आल्मुनियमले बनेको जुंछे टावर २५ अमेरिकी डलरमा किनें। स्वागत कक्षमा रहेको आगन्तुक पुस्तिकामा टावरबारे आफूलाई लागेको कुरा लेखी टावर प्रशासनकी प्रमुख जसले हामीलाई पुरै समय गाइड गरेकी थिइन्, उनीसँग एक तस्बिर खिची हामी आफ्नो होटल फर्कियौं।



टावरलाई उत्तरबाट हेर्दा

कथा

# भाउजू

सानु शर्मा

काका ! यो दाइ तपाईंलाई खोज्दै आउनुभा'छ, मैले माइलो काकाको नातिले औंल्याएतिर हेरें ।

एकैछिन् यस्तो लाग्यो, म ऐनामा आफैंलाई हेरिरहेछु । तर, होइन ! मेरो यो रूप कहिल्यै थिएन । मैले केही बोल्नुभन्दा पहिल्यै त्यो युवक मेरो खुट्टामा घोप्टियो ।

को हौ बाबु ? काँबाट आयौ ? मलाई कसरी चिन्छौ ? मैले उसको टाउकोमा हात राख्दै सोधें । निकै बेर मेरो खुट्टामा घोप्टिएर टाउको उठाउँदा उसका आँखा सजल थिए ।

किन-किन मलाई ती आँसु भरिएका आँखाहरू एकदमै परिचितझैं लागे । मैले फेरि उसलाई सोध्न खोजें । तर, त्योभन्दा पहिले उसले मलाई अँगाल्यो र मेरो छातीमा टाँसियो । मेरो मुटु नराम्रोसँग हल्लियो । मन गाँठो परेको डोरीझैं भयो । मैले उसलाई आफूबाट पर धकेल्न खोज्दै भनें, के गरेको बाबु यो ? को हौ तिमी ?

उसले रुघिएको कण्ठले भन्यो, म ताराको, तपाईंकी भाउजूको छोरा । मेरो मुटु उफ्रेर मुखबाट बाहिर निस्कन खोज्यो । मैले भएभरको शक्ति बटुलेर उसलाई पर धकलें । धेरैबेर उसलाई नियालेर हेरें । यतिबेलासम्म उसका आँखा वर्षिन सुरु गरिसकेका थिए । मैले भक्कानिँदै उसलाई अँगालें । लाग्यो- वर्षौपछि श्रापमुक्त भएँ म ।

मेरी भाउजूको अंश मेरो अँगालोमा थियो, मतलब मैले क्षमादान पाएँ अब । आज तेस्रो दिन थियो आमालाई कुरेर बसेको ।तपाईं जेसुकै भन्नुस् माल्दाइ, जेठाको मुख नहेरी भाउजूको परान जाँदैन, काकाले बिस्तारै भने ।

बाले असहाय भावले खुइय गर्दै भन्नुभयो, खै, खबर त गरेकै हो । टेलिफुनाँ कुरा गर्दा जसरी नि आउँला भन्थो, टाढाको कुरो के हो के हो !उसो त आमा प्राय: बिरामी भइरहनुहुन्थ्यो । तर, यसपटक उहाँ बाँच्ने आशा कसैलाई थिएन । त्यसैले पनि कसैले उहाँलाई सहर लैजाने कोसिस गरेनन् । यस्तो गलेको ज्यानले म डोकाँ बोकिएर सहर पुग्दै पुग्दिनँ, बरु सालिकेलाई आएर मुख देखाएर जा भन्दिनुस् सालिकेको बा, मेरो परान सुबिस्ताले जान्थ्यो । आमाले मान्दै मान्नु भएन डोकोमा बोकिएर जान । बाका अरु ३ भाइले पनि बालाई अन्तिम अवस्थामा कहीँ नलैजान सल्लाह दिए ।

मभन्दा ९ वर्ष जेठो मेरो दाइ शालिकराम अमेरिका भासिएको १० वर्ष भइसकेको थियो । मलाई त राम्ररी याद पनि थिएन ऊ कसरी पुगेथ्यो त्यहाँ तर मलाई ऊ हिँड्ने बेलामा आमा रोएको, बाले उसलाई सम्झाएको भने याद थियो । आफूभन्दा नौ वर्ष जेठो दाइ मेरो लागि बासमान नै थियो । म बासँगझैं ऊसँग पनि उत्तिकै डराउँथें त्यो बेला । मेरा उमेरका साथीहरूले 'बालाई भन्दिउँ ?'भन्दा बरु म त्यति डराउँथिनँ जति 'दाइलाई भन्दिउँ ?'भन्दा डराउँथें । बाले त बरु मेरो बदमासी सुनेर पनि कहिलेकाहीँ हाँसेर टारिदिनुहुन्थ्यो तर दाइले मेरो कान निमोठेर रातै पारिदिन्थ्यो ।

१९ वर्षको उमेरमा घर छोडेर हिँडेको दाइ पूरा १० वर्ष घर आएन । ६ वर्षसम्म त उसको कुनै सन्चो/बिसन्चोको खबरसम्म पाउन सकेनौं । तर ४ वर्षअघि तल फाँटको अरबे साहूको पसलमा फोन आएदेखि बाले चारचौरास दौडेर उसको खोजखबर गर्नुभो । दुई वर्षअघि दाइले मोबाइल पठाइदिएकोले ऊसँग प्राय: कुरा भइरहन्थ्यो अब ।

बा-आमा उसलाई 'घर आइज, आएर बिहे गर्' भन्दै किचकिच गरिरहनुहुन्थ्यो । ऊ 'हस् हस्' भनेर टारिरहन्थ्यो । मेरो त ऊसँग बोल्ने हिम्मत हुन्थेन तर ऊ मलाई 'राम्ररी पढ, राम्ररी एसएलसी पास गर् अनि म तँलाई मसँगै यहाँ ल्याउँछु' भन्थ्यो । म दंगदास परेर गाउँभरि झ्याली पिट्दै हिँड्थें, म नि अम्रिका जाने, म नि अम्रिका जाने । बाले सुने मेरो कान निमोठ्दै भन्नुहुन्थ्यो, यी यत्रो जा अम्रिका ! एउटै गा'को त घरबार भूलेर बस्याछ, अब पठाउँला नि तँलाई !

आमा सुक्सुकाउँदै भन्नुहुन्थ्यो, घर व्यवहार हेर्नेबेलामा विदेशाँ हरा'छ दाइ, अब तँ नि गए हामी के गर्छौं ? उसका दौंतरीहरूका काखाभरि सन्तान भइसके, ऊ भने काँ हन्डर खाइरा'छ एक्लै विदेशाँ । हाम्रो पछाडि गाउँघरमा दाइले उतै खैरीनी राखेर बसेको गाइँगुइँ चल्थ्यो । मेरो कानमा पर्दा म लड्न भीड्न जान्थें । बाले सुने भन्नुहुन्थ्यो, आफ्नै सिक्का खोटो, अरुलाई के भन्नु ? आएर बे गरेर गए कसले के भन्न सक्छ ? तर, उसलाई पर्वा भए पो ? एकविस नौ को भयो, ऐलेसम्म बे नगरी बसेसी अरुले कुरा काट्दैनन् ?

आमाको अर्कै दुखेसो थियो- छोराले धर्म भ्रष्ट गराइदिएर स्वर्गमा बास नपाइएला भन्ने । मलाई भने आफ्नो बासरहको दाइमाथि अटुट विश्वास थियो । मसँगै पढ्ने र मैले साह्रै मन पराउने कुसुमले दाइबारे गाउँमा चल्ने गाइँगुइँ सुनाउँदा उल्टै ऊसँग रिसाएर कयौं दिन बोल्थिनँ ।

मैले भन्या हो र ? ऊ मलाई मनाउने प्रयास गर्थी, हाम्री फुपूका घरकाले भनेका रे, उनैले कुरा ल्याकी । त्यसो हो भने उनैको कुरा सुन, मसँग बोल्न पर्दैन, म उसको छेउबाट उठेर हिँडिदिन्थें । यस्तोमा एकदिन साँझको झिसमिसेमा खैरेलेझैं पिठ्यूँमा बडेमानको ब्याग भिरेर गोरो, चिट्टो, खैरेजस्तै देखिने मेरो दाइ घर आइपुग्यो ।

पहिले त कसैले उसलाई चिन्दै चिनेनन् । चिनेपछि रुवाबासी सुरु भयो । रुवाबासी बन्द भएपछि चार दिनमा छ पटक तुलसीको मठमा पुर्याइएकी आमाले मन्टो उठाइन् । अब त चुलो बाल्नु पनि कसको लागि ? ताराको भाग्यमा रित्तो घर, रित्तो ओच्छ्यान, रित्तो मन र जीवनबाहेक अरु केही लेखेनछ दैवले । दुई दिनसम्म त आमाले दाइको हात छोड्दै छोड्नुभएन । १० वर्षको कसर जो पूरा गर्नु थियो । तेस्रो दिन उहाँले नातिनातिनाको नभए पनि बुहारीको मुखसम्म हेरेर मर्ने आफ्नो चाहना व्यक्त गर्नुभयो ।

दाइको मुखबाट 'हुन्छ' या 'हुन्न' ननिस्किँदै बा, काकाहरू, अरु नातेदार र गाउँलेसमेत ऊमाथि खनिए । विचरो दाइ ।

बाले बिस्तारै भन्नुभो, यै कारणले बाँची पो हाल्छे कि ? तँ आएदेखि अनुहार उजेलो भा'छ, उठेर बसेकी छ । पेटमा पानी अडेको छ । बाबु शालिक, अब यसलाई जलाएर जान्छस् कि जिलाएर, तेरो इच्छा । सबैले एकमुखले बाको अनुमोदन गरे । दाइले डबडबाएको आँखाले आमालाई हेरेर टाउको झुकायो । सबैले त्यसलाई दाइको स्वीकृति सम्झे ।

काकाहरू कोही सहरतिर दौडिए किनमेल गर्न, कोही केटी पक्का गर्न । उसो त आमाले वल्लो-पल्लो गाउँका दुई-चार वटी केटी छानिराख्नुभा'थ्यो पहिल्यै । तर, यो हतारमा दाइको लागि जुरिन् पल्लो गाउँकी तारा, कुसुमकी दिदी । थाहा छैन- दाइ खुसी भयो कि भएन तर म औधी खुसी भएँ । लाग्यो- कुसुमलाई लिएर जुन भविष्यको सपना म बुन्दैथिएँ, त्यो अब पूरा हुने भयो ।

३ दिनभित्रै दाइको बिहे भयो गाउँकै मन्दिरमा । यो सबै भइराख्दा दाइ चुइँक्क बोलेन । ज-जसले जे-जे भने, उसले सबै सुनिदियो, मानिदियो । उसका कुरा काटेर नथाक्ने सारा गाउँले उसको प्रशंसामा आकाश पाताल जोड्नमा लागे । कुसुमकी दिदी तारा मेरी भाउजू बनेर भित्रिइन् ।सातौं दिन बुहारीको अनुहार मनभरि हेर्न नपाउँदै आमाले यो संसार छोड्नुभयो, अनुहारभरि सन्तुष्टिको आभा बोकेर ।

दाइ डाँको छोडेर रोयो । त्यसबेला मैले बुझ्नै सकिनँ, ऊ आमालाई बचाउन नसकेको आफ्नो असमर्थतामा रोयो या किन ?

तारा भाउजू हुनेखाने परिवारकी थिइन् । उनका बा धेरै वर्षसम्म गाउँको प्रधानपञ्च थिए पञ्चायतकालमा । तारा भाउजू गाउँका एकदमै कम छोरीमध्ये एकमा पर्थिन्, जसले स्कुलको मुख देखेका थिए । अँझ तारा भाउजूले त एसएलसी पास गरेकी थिइन् । उनकी बहिनी कुसुम मसँगै १०मा पढ्थी । भाउजूको सबैभन्दा ठूलो योग्यता एसएलसी पास हुनु नै थियो दाइसँग बिहे गर्न ।

किरिया सकेपछि दाइ अमेरिका उड्ने तयारीमा लाग्यो । बाले रोक्न कति कोसिस गर्नुभयो तर उसले यति दृढतापूर्वक नकार्यो कि बाले फेरि केही भन्न सक्नुभएन । काकाहरूले सम्झाउन खोजे, गाउँका बूढापाका अघि सरे, सासू-ससुराले हात जोडे । तर, दाइ रोकिएन ।

२० दिन पुरानी आफ्नी विवाहिताको मौन आँशुका धाराले लतपताएको गाजललाई बेवास्ता गर्दै कागजपत्र मिलाएर लिन आउने आश्वासन तेर्स्याएर दाइ बिदेशियो । तारा भाउजू कयौं रात भक्कानो छोडेर रोइरहिन् । म आफ्नै कोठामा बसेर उनको रुवाइ र छटपटाहटको मौन साक्षी बनें लामो समयसम्म । बिस्तारै भाउजूले आमाको ठाउँ लिइन् । काम गर्ने हली गोठालाहरूले आमालाईझैं ठूली मुखिनी भनेर बोलाउन थाले । मभन्दा केही महिनामात्र जेठी भाउजू व्यवहारले पनि ठूली मुखिनी बनिन् । तर, दाइका आक्कलझुक्कल आउने फोन सुनेर ओच्छ्यानमा रातभर छटपटाउँदै रुने उनको बानी उस्तै रह्यो ।

समयसँगै मैले र कुसुमले एसएलसी पास गर्यौं । बाले मलाई सहर पढ्न पठाउने कुरा गर्नुभयो । म खुसी-खुसी तयार भएँ । राति खाना खाने बेला भाउजूले जबर्जस्ती खाना थपिदिँदै भनिन्, दाइलाई त एकछाक मीठो पकाएर ख्वाउन पाइनँ, अब तपैं पनि जान लाग्नुभो । तपैं हुँदासम्म त घरभरि भएझैं लाग्थ्यो दाइ नभए पनि तर ' बा पनि त घर बस्नुहुन्न अचेल त्यति । अब त चुलो बाल्नु पनि कसको लागि ? ताराको भाग्यमा रित्तो घर, रित्तो ओच्छ्यान, रित्तो मन र जीवनबाहेक अरु केही लेखेनछ दैवले ।

उनका ती शब्द मेरो छातीमा ठोक्किए । मैले अरु खान सकिनँ । भोलिपल्ट मैले बासँग आफ्नो सहर नजाने निर्णय सुनाएँ । बाले जिल्ल पर्दै भन्नुभयो, के गर्छस् याँ बसेर ? दाइले झैं पढ्दैनस् ? ठूलो मान्छे बन्दैनस् ?

बा ! ठूलो मान्छे हुन म घरपरिवार छोड्दिनँ । बूढो हुनुभएको तपाईं र एक्ली भाउजूलाई छोडेर म कहीं जान्नँ । यहीँ बसेर पढ्छु । तरकारी, फलफूलखेती गर्छु । दाइ आएर भाउजूलाई लिएर गैहालोस्, त्यसपछि म सोचूँला सहर जाने कुरा ।

बाले केही भन्नुभएन । मेरो टाउकोमा हात राखेर आफ्ना धमिला आँखा पुछ्दै बाहिर निस्कनुभयो । घरपरिवार बिर्सेर बाहिर बसिरहेको छोराको वियोग झेलिरहेको मेरो बालाई मेरो त्यो निर्णयले राहत दिएझैं लाग्यो मलाई । म नजाने कुरा जब तारा भाउजूले सुनिन्, उनको अनुहार धपक्क बल्यो । तर, उनले बिस्तारै भनिन्, नगएर के गर्नी ? पढ्न परेन ? तपाईं दाइसँग गएपछि म बालाई लिएर सहर बस्छु अनि पढ्छु । अहिलेचैं यहीँ खेतबारीमा काम गरेर पैसा कमाउँछु । मैले हाँस्दै भनें । उनले सुटुक्क आँसु पुछिन् र भनिन्, दाइ आएपछि तपैं र बालाई पनिसँगै लान भन्छु म । उनको स्वरमा उदासी मिसियो । झनै बिस्तारै भनिन्, आउने पो कैले हुन् बरु ? म नजाने कुरा जब कुसुमले सुनी, नराम्ररी रिसाई । के गर्छौ सहर नगर ? हली गोठालोको काम सघाउँछौ ? अनुहारमा सम्पूर्ण औंसी पोतेर उसले भने । सधैंलाई हो र ? केही वर्ष त हो नि । दाइ आएर भाउजू लगोस् अनि जान्छु सहर पढ्न, मैले पूर्ण विश्वासका साथ भनें ।

म भिनाजुझैं अमेरिका जाला, टन्नै पैसा कमार हाम्लाई पनि हेर्ला भन्या त', कुसुम भुत्भुताई । म यहीं बसेर पैसा कमाउँछु । यहीँ बसेर पढ्छु, मैले भनें । उसले ओठ लेप्राई । मैले आफ्नो भनाइ सावित गरेर देखाएँ, जसका लागि तारा भाउजूले दिन-रात नभनी मेरो साथ दिइन् । हामीले अदुवाखेती सुरु गर्यौं । साथमा काँक्रो, गोलभेंडा, खुर्सानी, बन्दा, काउली, गाँजर र अरु पनि थुप्रै- मौसमअनुसार । तरकारी बोकाएर आफैं सहर पुग्थें म । बेचेर जम्मा भएको पैसाले म आफ्ना लागिभन्दा धेरै बा र भाउजूका लागि सामान किन्थें । भाउजू सुरुसुरुमा अप्ठ्यारो मान्थिन् तर बिस्तारै आफ्नो आवश्यकताको लिस्ट नै दिन थालिन् ।

मेरो मन फुरुंग हुन्थ्यो उनका लागि केही किन्दा । उनी मेरो खुब ख्याल राख्थिन् अनि म उनको । तर मेरो बाध्यता- म आज पनि उनलाई नरोऊ भन्न सक्थिनँ । उनी आफ्नो कोठामा राति एक्लै दाइको यादमा छटपटाएर रोइरहन्थिन् । अरु बेला भने म जिउज्यानले कोसिस गर्थे- उनको ओठमा मुस्कान ल्याउन । ती दिनहरूमा भाउजू मेरो जीवनको एउटा यस्तो हिस्सा बनिदिएकी थिइन्, जसको प्रेरणा, साथ र हौसलाबिना म आफैंलाई आधा अधुरो हुन्थें । हुन त हामी गाउँका हुनेखानेमै गनिन्थ्यौं पहिले पनि । झन् अहिले त मेरो कमाइले धेरै माथि पुर्याएको थियो ।

कमेरो पोतेको कच्ची घरले काँचुली फेरेर पक्की, घुमाउने बार्दली भएको घरको रूप लिएको थियो । गोबर ग्याँसले चुलोमात्र होइन, झिलिमिली बत्ती पनि बल्थ्यो घरमा । काम गर्ने मान्छे थिए । भाउजू खटनपटन गर्थिन् । परे आफू पनि खटिन्थिन् । बाँकी उनी उस्तै थिइन् । आँखामा कालो मोटो गाजल, निधारमा बाटुलो रातो टीका । कालो-कालो वर्णको हिस्सी परेको अनुहार । मलाई मेरी भाउजू वरपरका १० गाउँमा सबैभन्दा राम्री लाग्थिन् । कुसुमभन्दा पनि राम्री । ५ वर्ष बित्यो । म २४ वर्षको लक्का जवान भएँ । दाइ फर्केर आएन । भाउजूको छटपटी र रुवाइ कम हुँदै गयो । अब त दाइले कहिलेकाहीँ फोन गर्दा पनि उनी कुरा नगर्ने बहाना खोज्थिन् । खुसी देखिन्थिन् तर मलाई जति कसलाई थाहा थियो र उनको पीडा !

मलाई त्यतिबेला असह्य हुन्थ्यो, जतिबेला उनका दौंतरीहरू एउटा सन्तान डोर्याएर र अर्को काखमा च्यापेर उनलाई भेट्न आउँथे । त्यसबेला मेरी भाउजूको पीडा आँखामा छचल्किन्थ्यो, मेरो मुटुमा गाँठो पर्थ्यो । हिजो मैले बुझेको थिइनँ- बिहे गरेको २० दिनमा लोग्नेसँग अलग हुनुको उनको पीडा । तर, आज म उनका ती एक-एक आँशुको एक-एक सुस्केरा र छटपटीको अर्थ बुझ्थें । शायद उनलेभन्दा पनि धेरै । त्यसैले पनि म चाहन्थें- उनी गाउँका अरु युवतीझैं सिँगारपटार गरून्, राम्री भएर हिँडून्, हाँसोठट्टा गरून् । तर अहँ ! मैले उनलाई दाँत देखिने गरी हाँसेको कहिल्यै देखिनँ, मेरी भाउजू बनेपछि ।

पहिले-पहिले बा र काकाको नामले चिनिन्थें म । अब उनीहरू मेरो नामले चिनिन्थे । कयौं मान्छेले मेरो कारणले रोजगारी पाएका थिए । गाउँ अब धेरै फेरिएको थियो । घर-घरमा फोन थियो, बिजुली थियो । तल खोलाको छेउसम्म त ट्र्याक्टर, ट्रक आउँथे । त्यसैले अब तरकारी लिएर सहर पुग्नै पर्थेन, सहरबाट टिप्पर लिएर मान्छे तरकारी उठाउन फाँटसम्मै आइपुग्थे । घरसम्म भने अँझै मोटर आउन सक्थेन, मोटरसाइकल भने मज्जाले आउँथे । फाँटमा मेरो पनि ठूलो पसल थियो । आफ्नै मिनी ट्रक थियो । मोटरसाइकल थियो, जसमा चढेर हरेक हप्ता सहर पुग्थें म- कुसुमलाई भेट्न । एसएलसी पास गरेपछि ऊ सहरमै मामाको घरमा बसेर पढ्दै थिई । उसले त मलाई पनि सहर जान कत्ति कर गरेकी थिई तर म गइनँ । घरमा, गाउँमा मेरो बिहेको कुरा हुन थालेको धेरै भइसकेको थियो । तर, मैले कसम खाएको थिएँ- दाइ नआएसम्म र भाउजूको आँखाको उदासी नपुछिएसम्म बिहे गर्दिनँ । कुसुमले ब्याचलर अफ नर्सिङ सकेर अस्पतालमा काम गर्न थालेकी थिई । उसका बा-आमा अब उसको बिहेका लागि हतार गर्न थालेका थिए । त्यसैले कुसुम घुमाईफिराई मसँग बिहे गर्न चाहेको कुरा गर्न थालेकी थिई । तर, मैले उसलाई मुख फोडेर केही भनेको थिइनँ । म चाहन्थें घरका पाकाहरूले नै त्यो निर्णय गरून् । तर, त्यसका लागि दाइ आउन जरुरी थियो ।

अर्को एक वर्ष बित्यो । केही दिनयता बा बिरामिरहन थाल्नुभएको थियो । शायद त्यसैले पनि होला- उहाँ प्रत्येक दिनजस्तै फोन गरेर दाइलाई बोलाउनुहुन्थ्यो र भाउजूलाइसँगै लैजान किचकिच गर्नुहुन्थ्यो । तेरो कारणले भाइले पनि बिहे नगर्ने भो, उहाँ भन्नुहुन्थ्यो । यसबीच भाउजूका बा-आमाले कुसुम र मेरो बिहेको कुरा चलाए बासँग । बालाई कुनै आपत्ति थिएन । बाले मलाई सोध्नुभयो । मेरो जवाफ उही थियो- पहिले दाइ घर आओस् । त्यो फागु पूर्णिमाको दिन थियो । सहरको हावाले गाउँलाई पनि छोडेको थिएन । अत: खाडी, कोरिया, मलेसिया र इन्डियाले तान्न नभ्याएका, विदेश र सहरबाट छुट्टीमा आएका सारा युवायुवतीको अनुहार रंगले सरोवर, नचिनिने भएको थियो । यस्तोमा कतिले मेरो पसलमै आएर मैले विरोध गर्दैगर्दै मलाई पनि रंगाएरै छोडे । सहर र विदेशबाट छुट्टीमा आएका सहपाठीहरूको जबर्जस्तीमा मैले पसल अलि चाँडै बन्द गरें ।

हामी सबै नजिकैको होटल पस्यौं । साथीहरूले टन्न रक्सी पिए । म पिउँदै नपिउने मान्छेले पनि उनीहरूको जोरजबर्जस्तीमा डेढ बोतल बियर रित्याएँ । साथीहरूसँग छुट्टिएर घर आएँ । पहिलोपटक बियर पिएकोमा आफूलाई अपराधी ठहर्याएँ । त्यति ढिलो त भएको थिएन तर पनि मलाई कुरेर ढोकामै उभिएकी भाउजूले आत्तिएको स्वरमा भनिन्, काँ गा तपैं यति अबेरसम्म ? फोन गरेको नि उठा' हैन । चक्रेलाई पसलाँ हेर्न पठाको, उसले नि आएर पसल बन्द छ भन्यो । बा घराँ हुनुहुन्न । मेरो परान घाँटीमा आएर बस्या'छ कतिखेरदेखि, काँ गा तपैं यसरी भन्दै नभनी ? उनको आँखाबाट आँसुका ढिक्का झरे । मेरो मुटु गाँठो पर्यो । यसै अपराधबोधले भरिएको मेरो मन, उनको आँसुले छियाछिया भयो ।

म'म साथी.. मेरो मुखबाट शब्दभन्दा आँखाबाट आँसु सजिलै झर्यो । अनायासै उनी हातले मुख छोप्दै हाँसिन् । काँबाट दलेर आउनुभो यतिविधि रंग ? ढेडुजस्तै देखिनुभा'छ' उनले आँसु पुछिन्, तपैंको त छायाँले पनि चिन्छु र पो नत्र अनुहारले त काँ चिन्न सक्नु ? उनी चिसो आँखा लिएर हाँसिरहिन् । म रुँ कि हाँसौं भएर उनैलाई हेरिरहें । अब रातभरि यहीँ उभिरहने हो ? हिँड्नुस् भित्र । उनी भित्र पसिन् । म लुरुक्क उनको पछि लागें ।

उनको अनुहारमा कतै रंगको एउटा छिटा पनि थिएन । झन् अचेल त उनी टुप्पीसम्म लामो सिन्दुर पनि लाउँथिनन् । त्यसैले हो कि किन- मलाई उनको अनुहार झनै रित्तो र उजाड लाग्यो । मेरो मन उनीप्रति सहानुभूतिले भरियो । कस्तो अत्यासपूर्ण जीवन बाँच्न बाध्य पार्यो मेरो दाइले यो निरीह प्राणीलाई । मेरो मन आक्रोशले भरियो दाइप्रति ।

आओस् मात्रै घर, जान्याछु मैले, मनमनै सोचें । भात पस्कन्छु । तपैं हातमुख धोएर आउनुस्, भाउजू भन्दै थिइन् । म खाएर आएको, तपैं खानुस्, उनको त्यो विधवाको जस्तो उजाड/उराठ रूपसामु अँझै उभिने मेरो हिम्मत भएन । म उनीतिर हेर्दै नहेरी माथि उक्लिएँ ।

निकैबेर म त्यत्तिकै आफ्नो कोठामा छटपटाइरहें । दाइसँग मनमनै झगडा गरिरहें । अचानक पल्लो कोठाबाट आएको भाउजूको सिसकी मेरो कानमा ठोक्कियो । मलाई औडाहा छुट्यो । म उठें, बसें, फेरि उठें तर सधैंजस्तै कान थुनेर निदाउन सकिनँ ।

मैले निकै पटक ढकढकाएपछि भाउजूले ढोका खोलिन् । दुवै हात पछि गरेर ढोकामा उभिएको मलाई देखेर उनको अनुहारमा आश्चर्य पोतियो ।

लौ हेर ! अहिलेसम्म मुखै नधोई पो बस्या रै'छ यो मान्छे । जानुस् मुख धोएर सुत्नुस् । अबेर भैसक्यो, उनी सुन्निएको आँखा मबाट हटाएर उता फर्किन खोजिन् । मैले पूजा कोठाबाट मुट्ठीभरि ल्याएको अबीर उनको अनुहारभरि दलिदिएँ ।

ब..बाबु..! उनले विरोध गर्न खोज्दै भनिन्, के गर्नुभा' यो ? म तपैंको यो विधवाको जस्तो रूप हेर्न सक्दिनँ, सत्य । म चाहन्छु आजको फागु पूर्णिमाको सबै रंग तपैंको जीवनमा भरियोस्, मैले थरथर काँप्दै भनें । उनी मेरो हात झट्कारेर अघि बढ्न खोजिन्, कहीँ अल्झिएर धर्मराइन् । मैले थाम्न कोसिस गरें । यो कोसिसमा हामी दुवै लड्यौं र छताछुल्ल पोखियौं । २० दिन म घर फर्किनँ । बालाई सहरमा काम छ भनेर खबर पठाएँ, बहुलाहाजस्तै यहाँ र त्यहाँ भौतारिरहें । कुन मुख लिएर घर फर्कन्थें ? कसरी उभिन जान्थें म मेरी भाउजूकोसामु ? कयौं पटक मर्न कोसिस गरें तर सकिनँ । बारम्बार बा र भाउजूको अनुहार आँखाअगाडि आउँथ्यो अनि मनले भन्थ्यो, यिनीहरू के गर्लान् म यसरी अपहत्ते गरेर मरे ?

न रक्सीले राहत दिन्थ्यो, न आँशुले । हारथाक भएर २१ औं दिनको दिन भाउजूले दिएको सबै सजाय भोग्ने संकल्प गर्दै म घर फर्किएँ । तर, भाउजू घरमा थिइनन् । सबै कागजपत्र मिलाएर भाउजूलाई लिन आएको दाइ भाउजूलाई लिएर अघिल्लो दिनमात्रै अमेरिका उडेछ । आधा मन भाउजूको सामना गर्न नपर्ने भएकोमा अलि ढुक्क भयो । बल्लतल्ल यत्रो वर्षपछि घर आएको दाइलाई भेट्न पाइनँ । हिँड्ने बेलामा भाउजूलाई राम्ररी बिदा गर्न पाइनँ । सबैभन्दा बढी मन यसले दुखायो । त्यसपछि मैले बा, कुसुमको परिवार र कुसुमले जतिसुकै जबर्जस्ती गरे पनि बिहे गर्न मानिनँ । कसरी मान्थें ? उसकी दिदीको अपराधी जो थिएँ म ।

कुसुमको बिहे अन्तै भयो । मलाई सत्तोसराप गर्दै ऊ बिदा भई । मैले आफूलाई झनै धेरै काममा जोतें । न बिहे गरें, न परिवार बनाएँ । आफूलाई दु:ख दिइरहें र पापकोपश्चाताप गरेको भन्ने सोचेर मन बुझाएँ । यही क्रमले २६ वर्ष बित्यो । आज भाउजूको छोरा अनिकेतलाई सामुन्ने देखेर मलाई लाग्यो- शायद माफीको लायक भएछु म । नत्र यत्रा वर्ष एकपटक फोन पनि नगरेकी, कुनै खबर नपठाएकी भाउजूले छोरा किन पठाउँथिन् यहाँ ? अनिकेत आएको लगभग महिना दिन बितेपछि एकदिन मैले ऊसँग सोधें, बाबु ! कहिले फर्कन्छस् ? उसले क्वारक्वार्ती मलाई हेर्यो एकैछिन् अनि बिस्तारै भन्यो, कहिल्यै फर्किन्नँ । के भन्छ यो ? उता दाइभाउजू पीर गरिरहनुभा' होला, फोन पनि गरेको छस् कि छैनस् ? झगडा गरेर त आ'को होइनस् ? ऊ केही नबोली भित्र पस्यो । म त्यहीं उभिइरहें । केही बेरपछि बाहिर निस्कियो, मेरो हातमा एउटा खाम थमायो र मतर्फ हेर्दै नहेरी सहरमा परिणत भएको फाँटतिर झर्यो ।

मैले ओल्टाईपल्टाई त्यो खाम हेरें, जसमा कसैको नाम थिएन । फलैंचामा बसेर त्यो खाम खोलें । सबैभन्दा माथि 'बाबु' लेखेर केरिएको थियो र त्योसँगै मेरो नाम 'अर्जुन' लेखिएको थियो । मैले बिस्तारै पढ्न सुरु गरें-

यो चिट्ठी तपाईंको हातमा पर्दा म अर्कै दुनियाँमा विश्राम गरिरहेकी हुनेछु ।

म अडिएँ । त्यही लाइनलाई कयौं पटक पढें । के मतलब थियो त्यसको ? थरथराएको हातले दह्रोसँग चिट्ठी थामें र आँसुले धमिलिँदै गएको आँखालाई फेरि चिट्ठीमा केन्द्रित गरें-

त्यो दिन हिँड्ने बेलासम्म तपाईं आइपुग्ने आश गरिरहें तर तपाईं आउनुभएन । कुनै दिन तपाईंको दाइको साथ लागेर अमेरिका उड्नु मेरो जीवनको एउटैमात्र उद्देश्य भए पनि त्यो बेला यदि मिल्ने भए म त्यो घर छोडेर कहीं जान चाहन्थिनँ । तर, तपाईंको सजिलोको लागि म तपाईंको दाइको पछि लागें । के गरौं ? सामाजिक रूपमा उहाँसँग नै बाँधिएकी थिएँ, मन जो र जेसँग बाँधिए पनि । अमेरिका जानु अब मेरो लागि कुनै खुसीको कुरो थिएन, त्यसमाथि त्यहाँ पुगेर त झन् त्यो एउटा यातनाशिवाय केहिरहेन । तपाईंको दाइ स्वास्नी मान्छेको संसर्गमा खुसी हुने खालको पुरुष हुनुहुन्थेन । उहाँको वर्षौदेखि पुरुष पार्टनर थियो, जोसँग वहाँ छुट्टिन चाहनुहुन्थेन' ।

हे भगवान ! मेरो मुखबाट निस्कियो । मैले थरथराएको हातले आँशु पुछें र फेरि पढ्न थालें-


उनीहरू दुवैजनाले मलाइसामु राखेर आफ्नो असमर्थता सम्झाए । मलाई जीवनभर सहयोग गर्ने बचन दिए र मैले चाहेको गर्न सक्ने आश्वासन दिए । ६ वर्षदेखि पतिको संसर्ग र साथको कामनामा छटपटाइरहेकी एउटी स्त्रीले त्यो सबै सुनेर बहुलाउनुपर्ने थियो तर म शान्त थिएँ । शान्त के, म त खुसी थिएँ । तपाईं सोच्नुहोला, यस्तो पनि हुन्छ ? तर सत्य यही हो । बिहे गरेर आफ्नी विवाहिताको स्पर्शसमेत नगरी २० दिनमै विदेश हिँडेको पतिको संसर्गको चाहमा छटपटाउँदै हरेक रात सिरानीलाई अँगालो हालेर रुने यो ताराको त्यति बेलाको मनस्थिति बुझ्न कठिन नै हुन्छ शायद कुनै पनि पुरुषलाई । तर, यतिखेर तपाईंलाई बुझाउन म यति नै भन्न सक्छु कि मेरा ती ६ वर्ष लामा छटपटाहटपूर्ण प्रतीक्षाका रात र दिनलाई एउटै रातले जितिदिएको थियो अर्जुन ! त्यो फागु पूर्णिमाको रातले ।

मेरो हातबट चिट्ठी भुइँमा खस्यो । जीव्रो च्यापुसँग टाँसियो । म छटपटाउँदै उठें ।

चिट्ठी भुइँबाट टिपेर हातमा लिएर निकैबेर म आँगनमा टहलिएँ ।

हुन त भाउजू दाइसँग अमेरिका हिँडिसकेपछि पनि मेरो आँखाअगाडिबाट उनको अनुहार कहिल्यै पुछिएन, कहिले के अनि कहिले केको बहानामा । मैले उनी र उनको यादलाई आफ्नो मनबाट टकटक्याउन जति कोसिस गरें, त्यति नै धेरै उनको याद आइरह्यो । त्यसैले पनि शायद म अपराधबोधबाट मुक्त हुन सकिनँ । दाइकी अर्धांगिनीलाई बिनाकारण याद गरिरहनुको अपराधबोध । तर, उनको चिट्ठी पढेर मलाई लाग्दैथियो- मैले त्यसरी उनलाई याद गर्नु बिनाकारण थिएन ।

# जाडोमा जोर्नी दुखाइबाट बच्ने उपाय



जाडो मौसममा जुनसुकै उमेरका मानिसलाई जोर्नीको दुखाइ हुन सक्छ । चिसोयाममा जीवनशैलीमा परिवर्तन आउने हुन्छ । चोटपटक लागेर भाँचिएको वा मर्किएको ठाउँमा पनि दुख्छ । विभिन्न रोगका कारणले पनि जोर्नी दुख्छ । युरिक एसिड, बाथरोग, इन्फेक्सनको कारणले गर्दा पनि दुखाइ हुन्छ । ५० वर्षभन्दा बढी उमेरका कतिपय व्यक्तिको हड्डी खिइँदै गएको हुन्छ ।

हड्डी खिइँदै जाँदा दुखाइ बढ्ने हुन्छ । एकै ठाउँमा बस्दा, शारीरिक व्यायाम नगर्दा, भिटामिन डी, क्याल्सियमको कमी हुँदा पनि जोर्नीको दुखाइ बढ्ने हुन्छ । वृद्धवृद्धामा भने हड्डी खिएर नसा च्यापिने हुन सक्छ । जोर्नी दुखाइले गर्दा उनीहरूमा थप जटिल समस्या पनि देखिन सक्छ । कसै-कसैमा जोर्नी बिग्रने समस्या आउन सक्छ । दुखाइ बढ्दै जाने, ज्वरो आउने, टेक्न गाह्रो हुने हुन्छ ।

जोर्नीको दुखाइबाट बच्न जाडोमा आफूलाई न्यानो बनाउने । भिटामिन डी र क्याल्सियमको मात्रा बढाउने खानेकुरा खाने । बिहान १५-२० मिनेट घाममा बस्ने । धूम्रपान, मद्यपान नगर्ने । कोक र पेप्सीजस्ता सफ्ट ड्रिंक्स, आटामा आधारित उत्पादन नखाने । सकभर घरबाहिरको खाना नखाने । हड्डी खिइन कम गर्ने औषधि प्रयोग गर्ने । फिजियोथेरापी गर्ने । न्यानो भएर नियमित व्यायाम गर्ने । योगा र स्ट्रेचिङ गर्ने । रोगअनुसारका बिरामीले खानपानमा ध्यान दिने । आफूलाई असर गर्ने खानेकुरा नखाने । युरिक एसिडका बिरामीले रातो मासु, गेडागुडीको कम प्रयोग गर्ने । पर्याप्त पानी खाने । हाडजोर्नीसम्बन्धी कुनै समस्या भए अस्पताल जाने, चिकित्सकको सल्लाहअनुसार उपचार गर्ने ।

जोर्नी दुख्दा खानेकुरा

माछामा पर्याप्त मात्रामा ओमेगा-३ फ्याटी एसिड नामक तेल हुन्छ । यसले सुन्निने समस्या कम गर्न सहयोग गर्छ । बिहानको समयमा जोर्नी कमजोर हुने र दुख्ने समस्याबाट राहत दिन्छ । दूध, अन्डा, सागपात सेवन गर्दा भिटामिन डी र क्याल्सियमको मात्रा बढाउन सहयोग पुग्छ । चेरीले पनि दुखाइबाट बचाउँछ ।

त्यस्तै, जैतुनको तेल प्रयोग गर्दा पनि दुखाइ कम हुन्छ । बेसार र अदुवाको प्रयोगले पनि दुखाइबाट बचाउँछ । ग्रिन टीले जोर्नी सुन्निनबाट बचाउँछ । ब्रोकाउलीमा सल्फरयुक्त एन्टिअक्सिडेन्ट हुन्छ । यसले पनि जोर्नी दुखाइ कम गर्छ । त्यस्तै, बन्दा र काउलीले पनि दुखाइ कम गर्न सहयोग गर्छ । च्याउ, प्याज, सिट्रस फल (अम्लीय गुण भएका मौसम, सुन्तला, कागती आदि), मेवा, किवीलगायतले पनि दुखाइ कम गर्न सहयोग गर्छन् ।

*(डाक्टर उमेश ठाकुरको सल्लाहमा)*

# नयाँ विधिले क्यान्सरको उपचार



लन्डन । एउटा नयाँ प्रकारको उपचार विधिले एक किशोरीको निको नहुने भनिएको रक्त क्यान्सर शरीरबाट हटेको छ। ल्युकेमियापीडित बेलायतको लेस्टरकी १३ वर्षीया अलिसालाई निको पार्न यसअघि प्रयोग गरिएका अन्य सबै उपचारहरू असफल भएका थिए ।

उनका लागि लन्डनस्थित ग्रेट ओर्मन्ड स्ट्रिट अस्पतालका चिकित्सकहरूले आनुवंशिक इन्जिनियरिङका माध्यमबाट 'बेस एडिटिङ' विधि प्रयोग गरी नयाँ औषधि बनाएका बीबीसीले उल्लेख गरेको छ। उक्त औषधि प्रयोग गरेको ६ महिनापछि अलिसाको शरीरमा क्यान्सर नभेटिएको र उनी थप निगरानीमा रहेकी चिकित्सकहरूले जनाएका छन्। अलिसामा गत वर्षको मेमा टी-सेल एक्युट लिम्फोब्लास्टिक ल्युकेमिया पत्ता लागेको थियो। मानव शरीरमा हानि पुर्याउन खोज्ने तत्त्व खोजेर नष्ट गर्ने टी-सेलहरू मानव शरीरको रक्षक मानिन्छन्। तर अलिसाको शरीरमा नियन्त्रण नै नहुने गरी वृद्धि भइरहेका टी-सेलहरू नै उनका लागि खतरा बनेका थिए। चिकित्सकहरूका अनुसार परीक्षणका क्रममा उनको क्यान्सर निकै घातक खालको रहेको पुष्टि भएको थियो। किमोथेरापी र त्यसपछि बोनम्यारो प्रत्यारोपण गरिएको भए पनि उनको शरीर क्यान्सरमुक्त भने हुन सकेको थिएन। परीक्षणका लागि तयार गरिएको औषधिको प्रयोगबाहेक अलिसालाई निको बनाउन अन्य कुनै विकल्प बाँकी थिएनन्।

'अन्तत: म मर्ने थिएँ,' अलिसाले बीबीसीसँग भनिन्। गत वर्षको क्रिसमस नै छोरीसँग मनाउने अन्तिम सोचेको उनकी आमा किवोनाले बताइन्। त्यसलगत्तैको छोरीको १३ औं जन्मदिनमा आफू रोएको किवोनाले बताइन्। तर त्यसपछि आनुवंशिक क्षेत्रको अविश्वसनीय प्रगतिद्वारा जे सम्भव भयो त्यो केही वर्ष अघिसम्म अकल्पनीय नै थियो। ग्रेट ओर्मन्ड स्ट्रिट बाल अस्पतालको टोलीले ६ वर्षअघि मात्र आविष्कार गरेको 'बेस एडिटिङ' प्रविधिले नै यो सम्भव भएको हो। बेस (आधार) मानव जीवनका आधारभूत तत्त्वहरू हुन्। एडिनिन (ए), साइटोसिन (सी), गुआनिन (जी) र थाइमाइन (टी) गरी चार प्रकारका बेसहरू हाम्रो आनुवंशिक कोड निर्माण गर्ने ब्लक हुन्। जसरी वर्णमालाका अक्षरबाट अर्थपूर्ण शब्दहरू निर्माण हुन्छ, त्यसरी नै मानव शरीरको डीएनएमा रहेका अर्बौं बेसले निर्देशन पुस्तिका वर्णविन्यास निर्धारण गर्ने गर्छन्।

बेस एडिटिङमार्फत वैज्ञानिकलाई आनुवंशिक कोडको निश्चित भागमा केन्द्रित हुन र एउटा बेसको मोलिक्युलर संरचनालाई परिवर्तन गरी अर्कोमा रूपान्तरण गर्न तथा आनुवंशिक निर्देशनहरू परिवर्तन गर्न दिन्छ। चिकित्सक तथा वैज्ञानिक सम्मिलित एक टोलीले यो उपकरणलाई नयाँ प्रकारको टी-सेल बनाई अलिसाको क्यान्सरग्रस्त टी-सेललाई सिकार गर्न र मार्नका लागि प्रयोग गर्यो। टोलीले सुरुमा दाताले दिएका स्वस्थ टी-सेलको प्रयोग गरे र त्यस्ता सेललाई परिमार्जन गर्नका लागि आधार तयार पारे। पहिलो बेस एडिटिङले टी-सेललाई लक्षित गर्ने संयन्त्रलाई असक्षम बनाइदिएपछि अलिसाको शरीरमा आक्रमण गर्न सकेनन्। दोस्रो बेस एडिटिङले टी-सेलहरूमा हुने रासायनिक चिह्न 'सीडी-७' हटाइदियो। तेस्रो बेस एडिटिङले भने किमोथेरापीबाट सेललाई मर्नबाट बचाएको थियो।

आनुवंशिक परिमार्जनको अन्तिम चरणले 'सीडी-७' चिह्न लगाइएका जुनसुकै कुराको खोजी गर्न र उनको शरीरका क्यान्सर भएकासहित प्रत्येक टी-सेललाई नष्ट गर्न निर्देशन दियो। शरीरका क्यान्सरयुक्त टी-सेललाई नष्ट गरेपछि अलिसालाई नै असर गर्न नदिन भने उक्त चिह्नलाई थेरापीबाट हटाइयो। अब थेरापीले काम गरेको खण्डमा अलिसाको प्रतिरक्षा प्रणाली नयाँ टी-सेलसहित दोस्रो बोनम्यारो प्रत्यारोपणसँगै पुनर्निर्माण हुनेछ। यो उपचार विधिबारे चिकित्सकहरूले बुझाएपछि अलिसाकी आमाले 'तपाईंहरूले यो सक्नुहुन्छ ?' भन्ने सोचिन्।

'यो प्रविधिबाट उपचार गर्ने अलिसा पहिलो बिरामी हुन्,' यूसीएल र ग्रेट ओर्मन्ड स्ट्रिटका प्राध्यापक वासिम कसिमले भने। विज्ञानको क्षेत्रमा आनुवंशिक हेरफेर द्रुत गतिमा अघि बढिरहेको उनको भनाइ छ। यसको माध्यमबाट क्यान्सर मात्र नभई अन्य धेरै रोगहरूको उपचार व्यापक सम्भावना रहेको कसिमले बताए। संक्रमण देखिएको एक महिनापछि अलिसा शिथिल बन्दै गएकी थिइन्। प्रतिरक्षा प्रणाली वृद्धि बोनम्यारो प्रत्यारोपण गरेपछि उनले १६ साता अस्पतालमा बिताइन्। तीन महिनापछिको परीक्षणमा उनमा फेरि क्यान्सरको लक्षण देखिएपछि चिन्ता बढेको थियो। तर हालै गरिएका दुई वटा अनुसन्धानबाट उनको शरीरमा क्यान्सर नभएको स्पष्ट भएको छ। 'म अहिले यहाँ छु र म निकै आभारी छु,' उनले बीबीसीसँग भनेकी छन्, 'यो अचम्मको कुरा हो। मैले यो अवसर पाएँ। यसका लागि म धेरै आभारी छु र यसले आगामी दिनमा अन्य बालबालिकालाई पनि सहयोग पुग्नेछ।' अलिसाको परिवारले अब उनमा कहिल्यै क्यान्सर नफर्कने आशा गरेको छ। हाल परीक्षणकै क्रममा रहेको विधिबाट औषधि दिइएका १० जनामध्ये अलिसा पहिलो हुन्। यस विधिबाट वर्षमा कम्तीमा एक दर्जन मानिसहरू लाभान्वित हुने ठानिएको छ।

*(एजेन्सी)*

# अनिकाल र द्वन्द्वको चपेटामा सोमालिया



विष्णु भट्टराई



पूर्वी अफ्रिकी राष्ट्र सोमालिया लामो समयदेखि सशस्त्र विद्रोहीहरूको चपेटामा छ। विद्रोही संगठन अलसबाब भने निकै शक्तिशाली मानिन्छ। अलसबाबले बम पड्काउने, निर्दोष मानिसहरूको हत्या गर्ने, लुटपाट मच्चाउने जस्ता आतंककारी गतिविधि गरेर सरकारलाई चुनौती दिइरहेको छ। आदिवासी क्षेत्रहरूमा यसको विशेष वर्चस्व रहेको छ। सोमालियामा अन्न खान नपाएर दिनहुँ मानिस मरिरहेका छन् तर अलसबाबले भने अत्याधुनिक बन्दुकहरू बोकेर सरकारसँग लडिरहेको छ। उनीहरूले हतियार कसरी किन्छन्, पैसा कहाँ पाउँछन् ? कहाँबाट हतियार ल्याउँछन् अनि उनीहरूको युद्धको उद्देश्य के हो ? सोमालियाका जनतालाई थाहा छैन। अलसबाबको आक्रमणहरूका समाचारले विश्व सञ्चार क्षेत्रलाई मसला भने दिइरहेको छ।

सोमालियामा अनिकाल लागेको धेरै वर्ष भयो। प्रकृतिले पनि ठगेको छ, सोमालियालाई। पानी पर्दैन, अन्नबाली फल्दैन। जंगलका कन्दमूल पनि सकिए। जंगली पशुहरू र चराचुरुंगीहरू पनि देखिँदैनन् आजकल। शिकार गरेर पेट भर्ने त्यहाँका आदिवासीहरूको बिजोग हुने क्रम बढ्दो छ। भोकभोकै आन्द्रा सुकेर मर्दैछन् त्यहाँका बासिन्दा। राम्रा र स्वास्थ्य बच्चाहरू कतै देख्न पाँइदैन। कुपोषणले घिनलाग्दा छन् बालबालिकाहरू। दिनहुँ खान नपाएर मर्नेहरूको संख्या बढिरहेको छ। बाँच्नका लागि आफ्नै सन्तानको मासु खानुपर्ने नियति बन्दै छ सोमालियाबासीका लागि। यस्तो घटना घटेमा उनीहरूलाई दुनियाँले राक्षसको संज्ञा दिनेछन्। धार्मिक ग्रन्थहरूम वर्णन गरिएका राक्षस हुनेछन् उनीहरू। यस्तो घटना भलै नघट्ला तर भोको पेटले जे पनि गर्न सक्छ भन्ने यथार्थतालाई बिर्सन सकिन्न। दुई वर्षको अवधिमा दुई लाख ६० हजार सोमालियाबासी खान नपाएर मरिसके। तीन वर्षअघि संयुक्त राष्ट्रसंघले एक अर्ब डलर खर्च गर्न सकिए सोमालियाको अनिकाल टर्न सक्ने भन्दै सहयोगका लागि आह्वान गरेको थियो। तर कुनै पनि धनी राष्ट्रले सोमालियालाई आर्थिक सहयोग गर्न चाहेनन्। राष्ट्रसंघले भनेको छ यदि सोमालियामा खाद्यान्न सहयोग नभएमा अब पाँच लाख मानिस भोकले मर्नेछन्। अर्थात् अहिले त्यहाँ पाँच लाख जनता मृत्युका मुखमा छन्। एकातिर आन्तरिक द्वन्द्वमा मारिनेहरूको संख्या बढ्दो छ भने अर्कातिर अन्नाभावले यति धेरै मानिसहरू मृत्युका नजिक पुगेका छन्। सोमालियाको यस्तो भयावह र दारुण स्थितिप्रति विश्वका धनी राष्ट्रहरूले रत्तिभर पनि ध्यान दिएका छैनन्। मानव सभ्यताले चरमोत्कर्षको रुप लिइरहेको वर्तमान समयमा सोमालियाको भोकमरिको अवस्था किंवदन्ती जस्तो बनिरहेको छ।

पूर्वी अफ्रिकी मुलुक सोमालिया लगायत अन्य आधा दर्जन मुलुकहरूमा भोकमरीको समस्या छ। यी देशमा चार दशकयता प्राकृतिक विपत्ति र गृहयुद्धले मानवीय संकट गहिरिँदै गएको छ। यो खबर विश्व समुदायलाई थाहा नभएको अवश्य होइन। अझ सोमालिया लामो समयदेखि खडेरीको मारमा छ। त्यहाँको जनजीवन अस्तव्यस्त छ र संकटमा छ। यदि त्यहाँ खाद्यान्न सहयोग उपलब्ध हुन सकेन भने सिंगो जनसंख्या नै भोकले मर्ने अवस्था आउन सक्छ। तर सोमालियालाई सहयोग गर्ने बारेमा विश्वका नेताहरूको ध्यान जान नसक्नु दुःखपूर्ण छ। धनी देशहरूले सहयोग गर्न इच्छा व्यक्त गरे सोमालियाको समस्या हुन धेरै दिन लाग्दैन। त्यहाँ समुद्री मार्गबाट वा हवाई मार्गबाट तत्काल खाद्यान्न पुऱ्याउन सकिन्छ। राष्ट्रसंघले बेलाबेलामा खाद्यान्न सोमालियामा पुऱ्याए पनि त्यो हात्तीको मुखमा जिरा हुने गरेको छ। एक अर्ब डलरको अभावमा एउटा प्राचीन सभ्यता बोकेको ऐतिहासिक मुलुक सोमालिया मानवविहीन बन्न सक्ने खतराको संघारमा देखिएको छ। धनी मुलुकका मानिसहरू धेरै खानपिनका कारण उच्च रक्तचाप र सुगरका रोगी भइरहेका छन् तर सोमालियाका जनताका खान नपाएर घुँडाका पाँग्रा निस्किरहेका छन्। आफ्नै शरीरका हड्डीले घोच्न थालेको छ उनीहरूलाई। बस्दा पनि चाक बिझाउँछ उठेर हिँड्ने तागत छैन आन्द्रा सुकेका छन्, भोकले। योभन्दा वीभत्स हालत अरु के हुन सक्छ सोमालियाबासीका लागि। भोकैले मर्नुपर्ने कस्तो नियति हो उनीहरूको ?

हालै गरिएको एक अध्ययनअनुसार अमेरिका, फ्रान्स, बेलायत, जर्मन, जापान आदि धनी मुलुकहरूमा कुकुर र बिरालाका लागि अर्बौं डलर खर्च भइरहेको छ। कुकुर र बिराला पालनमा सौखिन छन् धनी मुलुकका बासिन्दा। जबकि विश्वका एक करोड २० लाख जनता दुई छाक खान पाउँदैनन्। उक करोड मानिसले भोकभोकै रात गुजार्ने गरेका छन्। विश्वमा खाद्यान्नको अभाव छैन। विश्व जनसंख्या सात अर्बलाई खान पुगेर पनि बढी हुन्छ उत्पादित खाद्यान्न। धनी देशहरूले खाद्यान्न बढी भएर समुद्रमा फ्याँक्ने गरेका छन्। पशुपक्षी समेतले खाएर पनि बढी हुन्छ खाद्यान्न। तर खाँद्यान्न नपाएरै सोमालिया लगायत पूर्वी अफ्रिकी राष्ट्रका जनता मृत्युवरण गर्न बाध्य छन्। खाद्यान्नको वितरणमा ठूलो पक्षपात छ। धनी देशले उब्रेको खाद्यान्न पैसा पाए बेच्छन्, नपाए समुद्रमा हुत्याइदिन्छन्। गरिब देशहरूलाई खाद्यान्न सहयोग गर्न उनीहरूले मनवीयता देखाउँदैनन्। खाद्यान्न वितरणको असमानताले अनिकालग्रस्त क्षेत्रलाई सधैं प्रभाव पार्ने गरेको छ। पुँजीवादी देशहरूले गरिब देशका जनतालाई सहयोग गर्ने इच्छाशक्ति नराखेकै कारण सोमालियाको हालत चौपट भएको छ। धनी देशहरूका मानिसले कुकुर र बिरालापालनमा गर्ने खर्चको एक अंश पूर्वी अफ्रिकी राष्ट्रहरूलाई सहयोग गर्ने हो भने त्यहाँको भोकमरीको अन्त्य टाढा छैन।

विज्ञान प्रविधि र मानव सभ्यताको विकास जति उचाइमा पुगिरहेको छ, पूर्वी अफ्रिकी देशका जनताको हालत नारकीय बनिरहेकोमा मानव सभ्यताकै भारी बेइज्जत भइरहेको छ। मान्छे चन्द्रमामा र मंगलग्रहमा बस्ती बसाउने तरखर गर्दैछ। चन्द्रमालाई पर्यटकीय क्षेत्रका रुपमा विकस गरिँदैछ। भरपुर दाम हुनेले अब चन्द्रमामा सयर गर्ने भएका छन्। तर सोमालियाका जनता भने अन्न खान नपाएर एकपछि अर्को गर्दै यमलोक पुग्दैछन्। चन्द्रयात्रा, मंगलग्रह खोजमा अर्बौं डलर खर्च भइरहेको छ। हो, चन्द्र धरातल मंगलग्रहमा मान्छे पुग्नुले मान्छेले प्रकृतिमाथि विजय गर्दै गएको खुसीको पक्ष छ तर यसमा खर्च हुने रकमले भोका पीडित पूर्वी अफ्रिकी देशका जनतालाई भने अवश्य खिज्याइरहेको छ। अर्को पक्ष पनि छ, धनी देशहरूले हतियार निर्माणमा मात्र खर्बौं डलर खर्च गरिरहेका छन्। अमेरिका, रुस, चीन, जर्मन, फ्रान्स, बेलायत लगायतका धनी राष्ट्रहरू हतियार निर्माणको होडबाजीमा लागेका छन्। सबभन्दा बढी हतियार उत्पादन अमेरिकाले गरिरहेको छ। उसको हतियार बजार मध्यपूर्वका देशहरू रहेका छन्। अमेरिकी हतियार किन्न खाडी मुलुकका शासकहरू अत्यन्त लालयित देखिन्छन्। अमेरिकाले इजरायलमा जुन हतियार बेच्छ त्यस्तै हतियार चाह गर्छन् उनीहरू। तेल बेचेर धनी भएका खाडी मुलुकहरू तेल बेचेको पैसा अमेरिकी हतियार खरिदमा लगानी गरिरहेका छन्। यता अमेरिकी भने इजरायललाई शक्तिशाली हतियार आपूर्ति गरेर र सहयोगको राशि वृद्धि गरेर मध्यपूर्वमा इजरायललाई शक्तिशाली बनाइरहेको छ। वार्षिक खर्बौं डलर आम्दानी गर्छ अमेरिकाले हतियार बेचेर। रुसले इरानमा हतियार बेच्छ, सिरियामा बेच्छ। चीनले श्रीलंका, म्यान्मार, पाकिस्तान लगायतका एसियाली मुलुकहरूलाई हतियार बिक्री गरिरहेको छ। हतियार उत्पादन र बिक्रीबाट धनी देशहरू झन् धनी बन्दैछन्। अझ थुप्रै देशहरू परमाणु शक्ति सम्पन्न बन्न अरबौं डलर खर्च गरिरहेका छन्। हतियारमा खर्च हुनेमध्ये एकतिहाई अंश मात्र मानव कल्याणमा लगाइने हो भने विश्वमै गरिबीको अन्त्य हुन सक्छ तर धनी राष्ट्रहरू गरिब राष्ट्रका लागि लगानी गर्न रुचाउँदैनन्। ठूला समृद्ध मुलुकले युद्ध हतियार र अन्तरिक्ष अभियानका लागि गरेको खर्चमा थोरै मात्र कटौती गर्ने हो भने विश्वका कुनै पनि स्थानका लागि बासिन्दाले खाद्यान्नको संकटको सामना गर्नुपर्दैन। हतियार र युद्धमा खर्बौं डलर खर्च गर्ने समृद्ध देशहरूले मानवताका लागि एक अर्ब खर्च गर्न पनि नचाहँदा पूर्वी अफ्रिकी मुलुकहरूले भोकमरीसँग लडिरहन परेको छ। जुनसुकै देशका मनिस भए पनि जन्मेपछि मानवीय मूल्यमान्यता अन्तर्राष्ट्रिय कानुनअनुसार पेटभरी खान पाउनुपर्ने हो। तर मनवाधिकारको डंका पिट्ने वैभवशाली राष्ट्रहरू यसबारे मौन बस्नु सर्वथा आश्चर्य छ।

सोमालियामा पछिल्लो पटक देखिएको चरम मानवीय संकट एक अर्ब डलर खर्च गर्ने हो भने तत्कालका लागि टर्ने भन्दै ठूला देशलाई सहयोगका लागि राष्ट्रसंघले आग्रह गरे पनि त्यसको सुनुवाई भएको छैन। पूर्वी अफ्रिकी केही मुलुकहरू भोकमरी र द्वन्द्वको सिकार बन्दै आएका छन्। सन् २००५ मा नाइजेरियामा र सन् २००८ मा सुडानमा हजारौं मानिसहरू भोकभोकै मरे। कंगोमा सन् १९८९ देखि २००४ का बीचमा लाखौं मानिस खडेरीको चपेटामा निसासिए। स् १९८५-८८ र २००० मा इथोयोपियामा खाद्यान्न अभावले दश लाख मान्छे परमधाम पुगे। सन् १९६७-७० को खडेरीले बाइफामा दश लाख मान्छे खान नपाएर मरे। सन् १९७० मा युगान्डामा भोकमरीले हजारौं मानिस मरे। सन् १९९१-९२ मा सोमालियामा खडेरी परेर दुई लाख मानिस मरे। अहिले ५ लाख मानिस अनिकालले ग्रस्त छन्। सोमालियाको ठूला र सम्पन्न देशहरूले आर्थिक र खाद्यान्न सहयोग गर्न आवश्यक छ। मानवीय सभ्यताले जतिसुकै उचाइ ग्रहण गरे पनि सोमालियाको भोकमरीले त्यसलाई गिज्याइरहेको छ।

# युरोपमा घूस प्रकरणले तरङ्ग

युरोपेली संसद्की उपाध्यक्ष नै भ्रष्टाचारमा मुछिएको पाइएपछि पारदर्शिता र सदाचारिताको वकालत गर्ने युरोपेली संघका साथै युरोप नै तरंगित भएको छ।

बेल्जियमका एक न्यायाधीशले युरोपेली संसद्का निर्णय प्रभावित गर्ने गरी चार व्यक्तिले एउटा खाडी मुलुकबाट घुस (पैसा र उपहार) लिएको आरोप लगाएका छन्।

यो प्रकरण बाहिरिएपछि केहीले युरोपेली संघको विश्वसनीयतामै प्रश्न उठेको चिन्ता व्यक्त गरेका छन्। घटनाको अनुसन्धानका क्रममा शुक्रबार अनुसन्धानकर्ताले ब्रसेल्स सहरका १६ घरको खानतलासी गरेका थिए, जसमा ६ लाख युरो (६ लाख ३१ हजार डलर) भेटिएको थियो।

सुरुमा ६ जना पक्राउ परेकोमा, दुईजना रिहा गरिएका थिए भने चारजनालाई मुद्दा चलाइएको आइतबार अभियोजक (प्रोसेक्युटर)ले एक वक्तव्यमा भनेका छन्। आरोप लागेका सबै व्यक्तिको नाम भने सार्वजनिक गरिएको छैन।

अभियोजकले ब्रसेल्सका निर्णय प्रभावित बनाउने प्रयास गरिरहेको विषयमा महिनौँदेखि एक खाडी मुलुक शंकाको घेरामा रहेको बताएका छन्। कैयौँ मिडियाले शंकामा रहेको खाडी मुलुक कतार भएको लेखेका छन्।

मिडिया रिपोर्टका बीच कतारी अधिकारीले भने, 'आफ्नो मुलुकलाई गलत हर्कतसँग जोड्ने कुनै पनि प्रयासको पूर्ण खण्डन गर्ने,' बताएका छन्।

कतारी अधिकारीले अल-जजिरालाई पठाएको खण्डन पत्रमा भनिएको छ- 'मिडियामा आएका दाबीमा कतारी सरकारलाई जसरी पनि जोड्ने प्रयास भएको छ, त्यो आधारहीन र पूर्णतः गलत जानकारीमा आधारित छ। कतार संस्थान-संस्थानबीचको अन्तर्क्रियामार्फत काम गर्ने गर्छ, जुन अन्तर्राष्ट्रिय नियम-कानुनअनुरूप सञ्चालित हुन्छ।'

युरोपेली संघका विदेश मामिला प्रमुख जोसेफ बोरेलले पछिल्लो खुलासा 'अत्यन्त चिन्ताजनक' भएको बताएका छन्। बोरेलले अनुसन्धानमा युरोपेली संघको कूटनीति सेवाका कोही पनि संलग्न नरहेको पनि बताए।

युरोपेली संसद्ले गत सप्ताहन्तमा बेल्जियन अनुसन्धानको परिप्रेक्ष्यमा आफ्ना एक उपाध्यक्ष ग्रिक समाजवादी एभा केइलीको अधिकार र कर्तव्य निलम्बन गरेको बताएको थियो।

एभा संलग्न ग्रिक समाजवादी पार्टी पासोकले पनि एक वक्तव्य जारी गर्दै उनलाई बर्खास्त गरेको जानकारी दिएको छ। उनी पछिल्लो भ्रष्टाचार प्रकरणकी एक आरोपित भएकोबारे भने खुलाइएको छैन।

अभियोजकले शनिबार दोस्रो युरोपेली संघका राजनीतिज्ञको घर पनि खोजतलास गरेको बताएका छन्। उक्त खोजतलासबाट कोही पक्राउ भने परेका छैनन्।

बेल्जियन समाजवादी पार्टी सदस्य मार्क टाराबेलाले खोजतलास भएको घर आफ्नो भएको खुलाउँदै खोजतलासपछि आफ्नो एक कम्प्युटर र मोबाइल फोन जफत गरिएको जानकारी गराएका छन्।

'न्याय प्रणालीले सूचना संकलन गरेर अनुसन्धान गरिरहेको छ, जुन सामान्य प्रक्रिया भएको मैले मानेको छु। मैले लुकाउनुपर्ने केही छैन र अनुसन्धानकर्ताले सोधेका सबै प्रश्नको जवाफ दिनेछु,' टाराबेलाद्वारा जारी वक्तव्यमा उल्लेख छ।

युरोपियन इकोनोमिक कमिस्नर पाओलो गेन्टिलोनीले इटालियन टेलिभिजन 'राई थ्री'सँग बोल्दै यो मुद्दा 'निकै गम्भीर' देखिएको बताए।

'यदि कसैले युरोपेली संसद्को धारणा प्रभावित बनाउन पैसा लिएको पुष्टि भयो भने यो पछिल्ला वर्ष भएका भ्रष्टाचारका सबैभन्दा नाटकीय घटनामध्ये एक हुनेछ,' गेन्टिलोनीले भने।

आयरल्यान्डका विदेशमन्त्री सिमोन कोभेनीले पनि घुस प्रकरणसम्बन्धी जे-जति समाचार बाहिरिएका छन्, त्यो निकै 'हानिकारक' भएको बताए। 'यो यस्तो काण्ड हो, जसको सांगोपांगो हुने गरी सत्यतथ्य उजागर गरिनुपर्छ, ताकि भविष्यमा यस्तो घटना पुन नदोहोरियोस्,' कोभेनीले ब्रसेल्समा पत्रकारहरूसँग बोल्दै भने।

जर्मन विदेशमन्त्री एन्नलेना बेएरबोकले यस प्रकरणले युरोपेली संघको विश्वसनीयता नै दाउमा रहेको बताइन्।

'यो अविश्वसनीय घटना हो, जसलाई सम्पूर्ण कानुनको बल लगाएर टुंगोमा पुर्याउनुपर्छ,' मन्त्री बोइरबोकले युरोपेली सहकर्मीसँग ब्रसेल्सको बैठक प्रवेश गर्नुअघि पत्रकारलाई भनिन्, 'यो युरोपको विश्वसनीयतासँग जोडिएको छ। त्यसैले यसका प्रभाव अन्य धेरै क्षेत्रमा सिर्जना हुन सक्छ।'

युरोपेली संघले यही साता कुवेत, कतार, ओमन र इक्वेडरलाई दिँदै आएको 'फ्री भिसा यात्रा'लाई लम्ब्याउने प्रस्तावमा मतदान गर्ने समयतालिका छ। केही विधायकले नयाँ प्रकरण सार्वजनिक भएको सन्दर्भमा यस विषयको बहस र मतदान पछि सार्नुपर्ने सुझाव दिएका छन्।

*(एजेन्सीहरूको सहयोगमा)*

विश्वकप

# क्रोएसियालाई हराएर अर्जेन्टिना फाइनलमा

दोहा – कप्तान लियोनल मेसीप्रेरित अर्जेन्टिना लुसेल रंगशालामा मंगलबार क्रोएसियामाथि ३-० को सानदार जित निकाल्दै विश्वकप २०२२ को फाइनलमा प्रवेश गरेको छ। विश्व फुटबलले पाएको सर्वकालीन महानमध्येका एक खेलाडी ३५ वर्षीय मेसी पाँचौं प्रयासमा विश्वकपको उपाधि जितेर आफ्नो करिअरलाई सार्थक बनाउन चाहन्छन्।

त्यसैअनुसार उनले कतारमा भइरहेको २२ औं संस्करणमा प्रदर्शन पनि गरिरहेका छन्। चार वर्षअघिको उपविजेता क्रोएसियाविरुद्ध मेसीले पेनाल्टीमा गोल गर्दै अर्जेन्टिनालाई अग्रता दिलाएका थिए। त्यसपछि जुलियन अलभारेजले दुई गोल गर्दै अर्जेन्टिनालाई ८ वर्षपछि फाइनलमा पुऱ्याएका हुन्।

स्ट्राइकर अलभारेजलाई गोलकिपर डोमिनिक लिभाकोभिचले फल गरेपछि अर्जेन्टिनाले ३४ औं मिनेटमा पेनाल्टी पाएको थियो। त्यसमा मेसीले सहजै गोल गरेपछि अर्जेन्टिना अगाडि बढ्यो। यससगै मेसीले प्रतियोगितामा सर्वाधिक ५ गोल गरेका फ्रान्सका किलियन एम्बाप्पेको गोल संख्यालाई बराबरी गरेका छन्। उनी विश्वकपमा सबभन्दा बढी ११ गोल गर्ने अर्जेन्टिनी खेलाडी भए। उनले विश्वकपमै सबभन्दा धेरै २५ खेल खेलेका लोथर म्याथ्युज (जर्मनी) को रेकर्ड बराबरी गरे।

अलभारेजले ३९ औं मिनेटमा गरेको गोल निक्कै उत्कृष्ट रह्यो। मेसीले मैदानको मध्यभागनजिक हेडद्वारा



दिएको बललाई अलभारेजले अगाडि बढाउदै पेनाल्टी क्षेत्रमा पुऱ्याएर बललाई जाली चुमाउदै अर्जेन्टिनाको अग्रता दोब्बर बनाए। जासेपि बुरानोभचि र बोर्ना सोसालाई लागेर फर्केको बललाई उनले लिभाकोभिचलाई कुनै मौका नदिई गोलमा परिणत गरेका थिए।

यो प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरिरहेका जोस्को जिभार्डियोलालाई छक्याउदै मेसीले उत्कृष्ट रूपमा उपलब्ध गराएको बललाई अलभारेजले फिनिसिङमा दिदै ६९ औं मिनेटमा अर्जेन्टिनालाई ३-० को अग्रता दिलाएका थिए। यससँगै उनको यो विश्वकपमा गोल संख्या ४ पुगेको छ।


दक्षिण अमेरिकी महारथीले अरु अवसर पनि बनाएको थियो तर गोल थप्न सकेन। रुसमा (सन् २०१८) सर्बोत्कृष्ट खेलाडीको अवार्ड गोल्डेन बल जितेका ल्युका मोड्रिचको कप्तानीमा रहेको क्रोएसियाले गतिलो प्रदर्शन गर्न सकेन। अर्जेन्टिनी टिमको प्रदर्शन संगठित, परिस्कृत र उत्कृष्ट रह्यो। क्रोएसियाले भने अर्जेन्टिनाको खेल पछ्याइरह्यो मात्रै। त्यसैले त एक गोल पनि गर्न सकेन। ३७ वर्षीय मोड्रिचको उपाधि अनुभव गर्न नपाएरै अन्तर्राष्ट्रिय करिअरमा पूर्णविराम लाग्ने अवस्था आएको छ।

सन् १९७८ र १९८६ को विश्वकप विजेता अर्जेन्टिनाले छैटौंपल्ट फाइनलमा प्रवेश गरेको हो। पााचपल्टको च्याम्पियन ब्राजिलले पनि ६ पल्ट विश्वकप पाइनल खेलेको छ। सबभन्दा बढी आठपल्ट फाइनल खेलेको रेकर्ड जर्मनीको नाममा छ। अर्जेन्टिनाले पछिल्लोपल्ट ब्राजिल (सन् २०१४) मा फाइनल खेलेको थियो, जहा मेसीको टिम अतिरिक्त समयमा १-० ले हारेको थियो। त्यसैले अर्जेन्टिना डिएगो म्याराडोनाको युगपछि अर्थात् ३६ वर्षपछि विश्वविजेता बन्न चाहन्छ। त्यसको लागि उसले आइतबार लुसेलमै हुने फाइनलमा डिफेन्डिङ च्याम्पियन फ्रान्स वा मोरक्कोविरुद्ध प्रतिस्पर्धा गर्ने छ। फ्रान्स र मोरक्को बुधबार अल बायत रंगशालामा हुने दोस्रो सेमिफाइनलमा भिड्दै छन्।

यसपाली पहिलो खेलमै साउदी अरेबियाविरुद्ध हारेको अर्जेन्टिना क्रमिक सुधार गरेर मेक्सिको (२-०), पोल्यान्ड (२-०), अस्ट्रेलिया (२-१), नेदरल्यान्ड्स (२-२ को बराबरीपछि टाइब्रेकरमा ४-३) लाई पराजित गरेपछि क्रोएसियाको चुनौती ३-० ले समाप्त पार्दै उपाधि होडमा उभिएको हो।

# शनिग्रहको नयाँ तस्बिर

सन् २०१२ मा क्यासिनी अन्तरिक्षयानद्वारा खिचिएको यस तस्बिरले शनिग्रहको भव्य दृश्य देखाउँछ। नासाले यो आकर्षक तस्बिर शुक्रवार सेयर गरेको थियो। नासाले सेयर गरेपछि यो पोस्टमा शनिबारसम्म १५ लाखभन्दा बढी लाइक र हजारौं कमेन्ट आएका छन्।



अमेरिकी अन्तरिक्ष निकाय (नासा)ले प्रायः आफ्नो सामाजिक सञ्जालका ह्यान्डलमा अन्तरिक्षका तस्बिर र भिडियो सेयर गर्छ जसले सामान्यतः इन्टरनेट प्रयोगकर्ताहरूलाई मंत्रमुग्ध बनाउने गरेको छ। नासाले कहिलेकाहीँ विभिन्न टेलिस्कोप र अन्तरिक्षयानबाट खिचिएका आश्चर्यजनक तस्बिर पनि सार्वजनिक गर्ने गर्छ। यसपटक नासाले क्यासिनी अन्तरिक्षयानले खिचेको एउटा मन छुने तस्बिर पोस्ट गरेको छ, जसमा शनिग्रहको अतिरिक्त यसका आइकनिक घेरा पनि छन्।

'सौर्यमण्डलको रत्नसमेत भनिने शनिमण्डलयुक्त ग्रह मात्र होइन, यसका घेरामण्डलहरू हाम्रो सौर्य प्रणालीका सबैभन्दा जटिल र विशिष्ट चिज पनि हुन्', तस्बिरको क्याप्सनमा अमेरिकी अन्तरिक्ष निकाय नासाले लेखेको छ, 'यी घेराहरू धूमकेतु, क्षुद्रग्रह, वा विशाल ग्यास ग्रहको गुरुत्वाकर्षणले च्यातेका चन्द्रमाका धुजा भएको ठानिन्छ।'

२०१२ मा क्यासिनी अन्तरिक्षयानद्वारा खिचिएको यस तस्बिरले शनिग्रहको भव्य दृश्य देखाउँछ। तस्बिर खिच्दा अन्तरिक्षयान शनिको छायाँतर्फ थियो। नासाका अनुसार, क्यामेरा शनि र सूर्यतिर घुमाइएको थियो ताकि शनि र यसका घेर दोछायाँमा परुन्। यो तस्बिर इन्फ्रारेड, रातो र बैजनी स्पेक्ट्रल फिल्टर प्रयोग गरी खिचिएको र यो रंगीन दृश्य सिर्जना गर्न तीनलाई संयोजन गरिएको नासाले जनाएको छ। नासाले यो आकर्षक तस्बिर शुक्रबार सेयर गरेको थियो। नासाले सेयर गरेपछि यो पोस्टमा शनिबारसम्म १५ लाखभन्दा बढी लाइक र हजारौं कमेन्ट आएका छन्। केही इन्टरनेट प्रयोगकर्ताहरूले यो तस्बिरलाई काल्पनिक भनेका छन् भने अरूले चाहिँ भव्य भनेका छन्।

'अन्तरिक्ष एकदमै आकर्षक छ', एक प्रयोगकर्ता लेख्छन्। ' ब्रह्माण्डको कस्तो उत्कृष्ट तस्बिर', अर्काले टिप्पणी गर्छन्। त्यसैगरी अर्को टिप्पणी छ, 'आफ्नै आँखाले नदेखेसम्म शनिग्रहको तस्बिर मलाई आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् कृत्रिम बौद्धिकताले बनाएको तस्बिरजस्तो देखिन छाड्ने छैन।'

क्यासिनी अन्तरिक्षयानले सन् २०१७ को सेप्टेम्बर १५ मा यसले आकाशगंगासँग बिदाई मागेको थियो। नासा, युरोपेली अन्तरिक्ष निकाय र इटालियन स्पेस एजेन्सीको संयुक्त प्रयासमा भएको उक्त अन्वेषण सन् १९९७ मा सुरु गरिएको थियो। यो यानले आफ्नो आयुमा घेरा आकारको ग्रह र यसका थुप्रै चन्द्रमाहरूको अद्भूत तस्बिरहरू पठाएको थियो।

यसैबीच, नासाको हर्बल स्पेस टेलिस्कोपले हालै असामान्य तारा क्लस्टरको दोहोरो दृश्य खिचेको छ। नासाले ब्रह्माण्डका हजारौं चम्किला तारायुक्त 'ग्लोबुलर क्लस्टर'का तस्बिर इन्स्टाग्राममा सेयर गरेको छ। ग्लोबुलर क्लस्टर पृथ्वीबाट एक लाख ६० हजार प्रकाश-वर्ष टाढा छ। नासाको प्रेस विज्ञप्तिअनुसार यी पिण्डबाट निस्कने प्रकाशका विभिन्न तरंग अध्ययन गर्न विभिन्न फिल्टरहरू प्रयोग गरिएको थियो।

प्रेरक

## ठूलो खतरा, ठूलो सफलता



सन् २००४ मा मार्क जुकरबर्ग एक सामान्य विद्यार्थी थिए । उनी अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिभर्सिटीमा पढ्दै थिए । हार्वर्ड बसाइकै क्रममा उनले एउटा हार्वर्ड कनेक्ट वेबसाइटबारे थाहा पाए । यो वेबसाइट क्यामरोन र टाइलर विंकलवस नामका दुई दाजुभाइले बनाएका थिए । यो वेबसाइट देखेपछि जुकरबर्गको मनमा यस्तै केही गर्न सके हुन्थ्यो भन्ने लाग्यो ।

धेरै सोचेपछि उनको मनमा फेसबुक बनाउने विचार फुऱ्यो । फेसबुक त बनाउने, तर कसरी ? कोसित मिलेर वा कसको सहयोगमा बनाउने ? उनी बडो असमञ्जसमा परे । त्यतिखेर उनीसित दुईवटा बाटा थिए । एउटा निकै सजिलो थियो । उनले तिनै विंकलवस दाजुभाइसित मिलेर बडो आरामसित बसीबसी फेसबुक बनाउन सक्थे । विंकलवस दाजुभाइले पनि उनको विचार पक्कै मन पराउने नै थिए । र, उनीहरू जुकरबर्गसित मिलेर काम गर्न पनि तयार हुने थिए । यसबाट जुकरबर्गले निकै कम समयमा फेसबुक बनाउन सक्ने थिए ।

तर, जुकरबर्गले यस्तो केही गरेनन् र यो सजिलो बाटो हिंड्ने विचार त्यागिदिए । उनले त फेसबुक बनाउने कठिन बाटोको यात्रा रोजे । उनले यस योजनामा एक्लै काम गर्ने विचार गरे । किनकि, उनलाई राम्ररी थाहा थियो कि उसले सजिलो बाटोबाट काम गर्दा विंकलवस दाजुभाइसित निकै समस्या उत्पन्न हुनेछन् र आफ्नो योजनाअनुसार काम अघि बढ्न, सम्पन्न हुन र त्यसबाट मुनाफा आर्जन गर्न निकै कठिन हुनेछ । साँच्चै जुकरबर्गले दोस्रो कठिन बाटो हिंड्न छाडेर पहिलो सरल बाटो रोजेका थिए भने आज उनी यो स्थानमा हुने थिएनन् । आज, उनीसित फेसबुककै कारण ६० अर्ब डलरभन्दा बढी सम्पत्ति छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थितिवश अध्ययनमा पछि परिनेछ भने स्वास्थ्यमा देखिएको कमजोरीले काममा बाधा हुनेछ । पछिका लागि फाइदा हुने भए पनि सोचेको परिणाम तत्काल प्राप्त नहुन सक्छ । बिस्तारै काम बन्नेछ । अर्थ उपार्जनका केही स्रोत फेला पर्नेछन् । समाजमा आफ्नो प्रभाव बढ्न सक्छ । जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । नयाँ योजना थाल्न भने समस्या पर्ला ।

### वृष

बेसुरमा गरिएका सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । श्रम गरीकन उचित मूल्य प्राप्त नहुन सक्छ । आश्वासन बाँड्नेहरूको भरपर्दा दुःख पाइनेछ । परिस्थितिले अप्ठ्यारो मोडमा पुर्‍याउन सक्छ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । परिवारजनसँग असमझदारी बढ्नुका साथै काममा बाधा पुग्न सक्छ । घर-गृहस्थीमा समस्या आउने देखिन्छ ।

### मिथुन

प्रशस्त धन आर्जन गर्ने मौका छ । केही समय पर्खिएर अघि बढ्दा फाइदा हुने देखिन्छ । उद्योग र व्यापारमा विशेष फाइदा होला । प्रतिस्पर्धी परास्त होलान् । सहयोगीहरूले राम्रै साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ । नयाँ काममा हात हाल्ने समय छ । सानो प्रयत्नले पनि राम्रो फाइदा उठाउन सकिनेछ । अग्रजहरूको मार्गदर्शन लाभदायक रहनेछ ।

### कर्कट

परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसकिएला । धेरै बोल्दा समस्या आउन सक्छ । द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । अरूको भरपर्दा काम प्रभावकारी नहुन सक्छ । हिसाबकिताबमा सजग रहनुहोला । सानोतिनो समस्या आए पनि नियमित काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्नुहोला । अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला ।

### सिंह

कामको अवसर प्राप्त भए पनि विशेष भेटघाट र शिष्टाचारमा अलमलिनुपर्ला । खानपानको सोखले स्वास्थ्य प्रतिकूल बन्न सक्छ । राम्रो नतिजा हातपार्न रोकिएको काम दोहोर्‍याउनुपर्ला । अरूको भरले मात्र सफलता प्राप्त नहुन सक्छ । सहयोगीहरू प्रशस्तै भेटिनेछन् । तर धेरै फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउन सक्छ । मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ ।

### कन्या

समयमा होश नपुग्नाले फजुल खर्च बढ्नेछ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । खर्च गरेर पनि त्यति लाभ उठाउन नसकिएला । फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ । साथीभाइसँग पनि असमझदारी बढ्ला । सहयोग गर्नेहरू कमै भेटिनेछन् । अवसरको खोजीमा दौडधुप गर्नुपर्ला । धेरै लगानी गर्दा थोरै फाइदा हुनेछ ।

### तुला

केही रकम हातलागी भए पनि आकस्मिक खर्चले धन संग्रहमा बाधा पुग्नेछ । आफ्ना सामानमा अरूले दाबी गर्लान् । अवसरवादीहरूबाट सजग रहनुहोला । तापनि दोहोर्‍याएर प्रयत्न गर्दा आंशिक फाइदा हुनेछ । विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । तर समयमा सजग नहुँदा काम बिग्रन सक्छ । आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् ।

### वृश्चिक

बिस्तारै अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम सम्पादन गर्ने समय छ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । प्रतिष्ठित काम गरेर धेरैको मन जित्न सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । सबैतिरबाट मान सम्मान मिल्ला । मनोरञ्जनमा ध्यान जाला ।

### धनु

चुनौतीपूर्ण कामको दायित्व लिनाले धेरै परिश्रम गर्दा न्यून सफलता मिल्नेछ । सहयोगी जुटाउन नसकिएला । आँटेका काम पूरा नभए पनि आंशिक फाइदा हुनेछ । धर्ममा श्रद्धा र परोपकारमा मन जानेछ । स्वास्थ्यमा भने कमजोरी अनुभव हुनेछ । तापनि प्रयत्न गर्दा समयको सदुपयोग हुनेछ । शुभचिन्तकहरू जुट्नाले आस मारेको फल पुनः प्राप्त हुन सक्छ ।

### मकर

सानातिना काममा अल्झनुपर्दा मुख्य काम रोकिन सक्छ । केही समस्या दोहोरिनाले उत्साहमा कमी आउनेछ । तर फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । प्रयत्न गर्दा नियमित काम सम्पादन हुनेछन् । तत्काल लाभ नभए पनि नयाँ काम प्रारम्भ हुनेछ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ उठाउन सकिनेछ । समस्या दर्साउँदा शुभचिन्तकले साथ दिनेछन् ।

### कुम्भ

आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ । आम्दानी बढाउने काम सुरु गर्न सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । अतिथिको रूपमा सत्कार पाइएला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुन सक्छ । मनपर्ने भौतिक साधन जोड्ने समय छ । मनग्य धनलाभ हुनेछ ।

### मीन

हिम्मतले काम बनाउन सकिनेछ । यस अघिको उपलब्धिले काममा उत्साह जगाउनेछ । मेहनत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउनेछ । अप्ठ्यारा काम पनि सम्पादन हुन सक्छन् । ईर्ष्या गर्नेहरूको मनोबल कमजोर हुनेछ भने प्रतिस्पर्धीहरूलाई पछि पार्ने समय छ । पहिले दुश्मनी गर्नेहरूले समेत मित्रताका हात अघि बढाउलान् । मनमा अनेक चिन्ताले बास गर्नेछ । परिवारजन तथा मित्रजनहरूसँग .भेटघाट हुनेछ ।

# गीत-संगीत र चलचित्र क्षेत्रमा ठगी गर्ने गिरोह सक्रिय छन् -अनु शाह

काठमाडौं । अमेरिकाको बोष्टन राज्यमा बसोबास गर्दै आएकी लोकप्रिय गीतकार, कवयत्री, साहित्यकार तथा चलचित्र निर्मात्री अनुराधा शाह नेपाली गीतसंगीत र साहित्यकी धरोहर हुन् । बिद्यालय जीवन देखिनै राष्ट्रिय नाँच घरमा नाटक प्रस्तुत गर्ने, रेडियो नेपाल र रंगमन्चमा अभिनय गर्न सुरु गरेकी शाह कुनै समय एक कुशल मोडल र पत्रकारको रुपमा समेत देखापरेकी थिइन् । काठमाडौं सितापाईलामा स्वर्गिय पिता लालबिक्रम शाह र माता दया देबि शाहकी प्रथम सन्तानको रुपमा जन्मिएकी अनु शाह उच्च शिक्षा हासिल गर्न अमेरिका पुगेकी थिइन् । उनले अमेरीकाको नर्थ वेस्टर्न बिश्वबिध्यालय बाट बाल मनोबिज्ञानमा स्नातकोत्तर गरेकी छिन् ।



सानै देखि कला क्षेत्रमा प्रवेश गरेकी प्रख्यात गीतकार साहित्यकार अनु शाहको दुइ सय भन्दा बेसी गीतहरू रेकर्ड भईसकेका छन् भने दुइ दर्जन गीतका म्यूजिक भिडियो समेत आफैले निर्माण गरिसकेकी छिन् । बहुप्रतिभाशाली लोकप्रिय गीतकार अनु शाहले लेखन संगै अभिनय र निर्माण पक्षमा समेत उत्तिकै ससक्त भएर नेपाली कला साहित्य क्षेत्रमा योगदान पुर्याउदै आएकी छिन् । चलचित्र भिमदत्तमा सह-निर्मात्री रहेकी उनले 'सुक्का मानो' र 'उफ्फ यो मन' नामका चलचित्र निर्माण गरेकी छिन् जुन अहिले प्रदर्शनको पर्खाईमा छन् । साहित्यकार शाहले नेपाली भाषा साहित्यमा मात्र नभै हिन्दी, अंग्रेजी, नोवारी र मैथली भाषामा पनि थुप्रै गीत र कविता लेखेकी छिन् । कम टेक माई ह्याण्ड, ह्वोईन आईएम फिलिंग डाउन' गायिका शितल मोक्तानले गाएको निकै चर्चित अंग्रेजी गीत हो । गीतकार संघको आजिबन सदस्य रहेकी शाह राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरू अन्तराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) र ज्योती साहित्य प्रतिष्ठानमा लाईफटाईम मेम्बर हुन् भने रेडियो हिमालयनको गार्जेन मेम्बर हुन् ।



कला साहित्य विधामा उल्लेखीय योगदान पुर्याउदै आएकी अनुराधा शाहले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मान तथा अवार्डहरू हासिल गरिसकेकी छिन् । सामाजिक कार्यमा समेत उत्तिकै रुचि राख्ने उनले नेपालका धेरै संघ संस्थामा आश्रित अनाथ असहाय, दुखि पिडित बेसहाराहरूलाइ बिदेशमा रहेर पनि सहयोग गर्दै आएकी छिन् । प्रबास रहेपनि संधै नेपाललाई माया गर्ने अनु शाह कला साहित्यकी मुर्धन्य व्यक्तित्व हुन् ।

पेशाले शिक्षिकाको रुपमा कार्यरत गीतकार अनु शाह ब्यस्त समयको बाबजुद पनि नेपाली गीतसंगीत र कला साहित्यमा दरिलो खम्बा बनेर नेपाली सांगीतिक आकाशमा नक्षत्रको रुपमा स्थापित भएकी छिन् । उनको लेखन शैली उनको शब्द चयन देखि उनको प्रस्तुति समेत उत्कृष्ट रहेको यस क्षेत्रका जानकारहरू बताउछन् ।

समग्र नेपाली मनोरंजन क्षेत्रमा करडौ लगानी गरेकी गीतकार तथा निर्मात्री अनु शाहलाइ केहि संगीतकार, चलचित्र निर्माता, निर्देशक देखि अन्य केहि व्यक्तिहरूले ठगि गरेको बताउछिन् । उनि भन्छिन् सुरुमा मिठो र राम्रो राम्रो कुरा गरि बिश्वास दिलाएर काम र पैसा लिन्छन् पछि कुनै काम समयमा गर्दैनन् त्यसैले नेपालमा पैसा लगानी गर्नु भन्दा पहिले सोच्नु पर्ने रहेछ ।

बिश्वासको आधारमा लगानी गरेर आफु डुबेको उनि दुखेसो पोख्छिन् । थुप्रै कामहरू रोकिरहेको छ, गित संगीत र रचनाहरू हराईरहेका छन्, चलचित्र तयार भएर पनि प्रदर्शन गर्न दिएका छैनन्, विभिन्न बहानाबाजीमा झुलाइरहेका छन् । केहि संगीतकार र चलचित्रकर्मीहरूले ठगि गरेको उनको आरोप छ । त्यसैले त्यस्ता ठगि गर्ने गिरोहहरूलाई अब कानुनि प्रक्रियामा लैजाने र मिडिया मार्फत उक्त ठग्ने व्यक्ति र काम पुरा नगर्नेहरूको नाम सार्बजनिक गर्ने तयारीमा रहेको उनले बताईन । हामी दुःख गरि पैसा जम्मा गरेर नेपालमा लगानी गर्छौ तर त्यसको उचित मुल्यांकन र सदुपयोग नहुँदा म जस्ता बिदेशमा बसेर लगानी गर्ने हजारौं श्रष्टाहरूले पिडा भोग्नु परेको बताउछिन् ।

नेपाल आउँदा र अमेरिका रहंदा समेत सधै गित संगीत, चलचित्र र साहित्यमा लगानी गर्ने बहुप्रतिभाशाली व्यक्तित्व अनु शाहको केहि साहित्यिक पुस्तक, म्यूजिक भिडियो र चलचित्र आउन लागेको उनले जानकारी गराईन ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Plasticity = बांगिन सक्ने गुण When clay dries out it loses its plasticity जब माटो सुक्छ यसले आफ्नो बांगिन सक्ने गुण हराउँछ ।

Quay = जहाज अडाउने ठाउँ Because of the negligence on the part of the crews two ships crashed into the quay चालक दलको लापरवाहीको कारणले गर्दा अडाउने ठाउँमा दुई जहाज एकअर्कासँग जुध्न पुगे ।

Resonant = आवाजमा जोसिलो He always receives big applause when he appears in stage with with his resonant voice आफ्नो जोसिलो आवाज लिएर जब उ स्टेजमा आउँछ उसले थपडीको ठूलो स्वागत पाउँछ ।

Solicitious = चिन्तित Mostly the parents tend to very much solicitious about the performance of their studying children बाबुआमाहरू विशेष गरी आफ्ना बालबालिकाको पढाइको नतिजाबारे चिन्तित हुने गर्छन् ।

Turpitude = खराब आचरण Being guilty of moral turpitude, the immigration issued to the expatriate a notice to leave the country खराब आचरणको कारण अध्यागमनले विदेशीलाई देश छाड्ने सूचना जारी गऱ्यो ।

Unwitting = परिबन्दमा पर्नु Having known that she had become an unwitting tool of the swindlers, the police set her free ठगहरूको परिबन्दमा परेर मात्रै तिनी फसेकी रहिछन् भन्ने थाहा पाएपछि प्रहरीले उनलाई मुक्त गरिदियो ।

Volition = इच्छा On her own volition, she abandoned her patrimony आफ्नै इच्छामा उनले पैत्रिक सम्पत्ति त्यागी दिइन् ।

Wane = सानो हुँदै जानु When lit, a candle wanes बल्दै जाँदा महिन झन्झन् सानो हुँदै जान्छ ।

Ameliorate = सुधार्नु, झन् राम्रो बनाउनु Social workers always attempt to ameliorate the condition of the backward people सामाजिक कार्यकर्ताहरू सधैं पिछडिएको जातिको स्थिति सुधार्ने प्रयास गर्दछन् ।

Bungle = राम्रो वा ब्यवस्थित रुपले गर्न नसक्नु He was fired because he bungled the assignment जिम्मा दिएको काम राम्रोसँग गर्न नसक्दा उसलाई कामबाट निकालियो ।

## Carry बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Carry somebody to = लैजानु । बोक्नु The train carries workers to and from the work यो रेलले कामदारहरू ल्याउने र लैजाने काम गर्छ ।

Carry somebody in = मा बोक्नु She carries her baby in her arms तिनले आफ्नो बच्चालाई अँगालोमा बोक्छिन् ।

Carry somebody off = उठाएर लैजानु This van carries the wounded players off यो गाडीले घाइते खेलाडीहरूलाई उठाउने गर्छ ।

Carry for = सम्म लैजानु Wind carries the seeds for a long distance बतासले बिउबिजन धेरै लामो दूरीसम्म लैजान्छ ।

Carry away somebody on = बोकेर ल्याउने In this clinic, there is no stretcher to carry away the patients on बिरामी बोकेर ल्याउने एउटा पनि स्ट्रेचर यो क्लिनिकमा छैन ।

Carry something to = पुऱ्याउनु The veins carry blood to the heart नसाले रगतलाई मुटुसम्म पुऱ्याउँछ ।

Carry something with somebody = कोहीसँग केही बस्तु लिएर हिंड्नु I do not carry nuch money with me म आफँसँग धेरै पैसा लिएर हिंड्दिन ।

Carry something of = को सम्झना हुनु He is mentally sick and does not carry memories of his past उ मानसिक रोगी हो, त्यसैले उसलाई उसको विगतको सम्झना छैन ।

Carry somebody = कसैलाई बोक्नु She is pregnant and carries twins तिनी गर्भवती छिन् र जुम्ल्याहालाई पेटमा बोकेकी छिन् ।

Carry something of = थेग्नु This pillar can not carry the load of the roof यो खम्बाले छानाको भार थेग्न सक्दैन ।

### सुडोकु-अंक २८२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९ | | | | | | | |
| | | ६ | | ७ | ५ | | | १ |
| | | | | | ४ | | ७ | |
| | ५ | | ६ | | | १ | २ | |
| | | | ८ | | ९ | | | |
| | ८ | ४ | | | २ | | ५ | |
| | १ | | ४ | | | | | |
| ५ | | | ९ | ३ | | २ | | |
| | | | | | | | ८ | ७ |

### अंक २८१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ८ | ७ | ९ | ६ | ४ | ३ | ५ |
| ९ | ५ | ३ | ४ | ८ | १ | ६ | ७ | २ |
| ४ | ७ | ६ | ५ | २ | ३ | ९ | ८ | १ |
| १ | ९ | ४ | ६ | ७ | ८ | २ | ५ | ३ |
| ६ | ३ | ५ | २ | १ | ४ | ७ | ९ | ५ |
| ८ | २ | ७ | ३ | ५ | ९ | १ | ६ | ४ |
| ५ | ८ | २ | १ | ६ | ७ | ३ | ४ | ९ |
| ७ | ४ | ९ | ८ | ३ | २ | ५ | १ | ६ |
| ३ | ६ | १ | ९ | ४ | ५ | ८ | ३ | ७ |


## लिंग छनौट गरी गर्भपतन गर्नु अपराध हो

- लिङ्ग पहिचानको आधारमा छोरा र छोरीमा विभेद गरी सन्तान जन्माउने कार्य नगरौं, नगराऔं ।
- प्रविधिको प्रयोग गरी लिङ्ग पहिचान गर्ने र गर्भपतन गराउने कार्य अपराध हो । त्यस्ता कार्य गर्नु वा गराउनु हुँदैन ।
- चिकित्सकले समेत त्यस्ता कार्यलाई निरूत्साहित गरी चिकित्सा पेसालाई मर्यादित बनाऔं ।
- हिंसारहित समाजको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# FAVOURS TO DONORS




The Kim Il Sung-Kim Jong Il Foundation appreciates those who donate and support with a feeling of boundless respect for President Kim Il Sung and Chairman Kim Jong Il.

The Kim Il Sung-Kim Jong Il Foundation awards the certificate of donation to individuals and organizations.

The Kim Il Sung-Kim Jong Il Foundation awards the certificate of honorary director and honorary member to the exemplary donors and supporters after going through relevant formalities.

The Kim Il Sung-Kim Jong Il Foundation invites to the DPRK the donors and supporters who have contributed a huge sum of money and lots of equipment and provides them with all conveniences during their stay.

## Ideological and Theoretical Exploits of Chairman Kim Jong Il


Chairman Kim Jong Il was a heaven-sent man for the good of mankind and such a great man could be born once in several centuries—this is what Vishwanath, directorgeneral of the International Institute of the Juche Idea and prominent social activist of India, said.

Kim Jong Il was an outstanding statesman and theoretician. He developed the Juche idea, which illuminates the road ahead for carving out man's destiny, into the guiding ideology of the cause for the independence of mankind.

The Juche idea, created by President Kim Il Sung and developed in depth by Chairman Kim Jong Il, is an ideology which, on the basis of a scientific elucidation that man is the master of the world and plays the decisive role in transforming the world, shows the way for the masses of the people, the motive force of history, to shape their own destiny by their own efforts.

Kim Jong Il'streatise, *On the Juche Idea*, created a great sensation across the world as soon as it was made public on March 31, 1982.In less than a year after its publication, more than 90 countries published more than ten million copies of this work and more than 140 countries printed it in the pamphlet form.

A French professor said: Lenin praised *The Communist Manifesto* by Marx and Engels as



the song of the songs for communism; if I can use Lenin's phrase, Kim Jong Il's *On the Juche Idea* is the song of songs for the genuine cause of mankind, the song of songs for dignity and worth of man and the song of songs for the genuine ideal and eternal prosperity of mankind.

What is important in his exploits is that he provided comprehensive answers to all the theoretical and practical questions arising in the cause of independence of the people, cause of socialism when progressive mankind around the world lost their way because of temporary difficulties.

In the end of the 20th century, the socialist cause experienced temporary frustration and crisis owing to the manoeuvres of the imperialists and renegades of socialism. Fussing about the "end of socialism," they claimed that the ideal of socialism itself was incorrect and it was wrong to carry out the socialist revolution. This created ideological vacillation and confusion among some people and countries which aspired after socialism.

In these years of upheavals Kim Jong Il published many works including *The Historical Lesson in Building Socialism and the General Line of Our Party, Abuses of Socialism Are Intolerable*and*Socialism Is a Science.* His works served as a beacon and compass for the people who were at a loss for what to do and at the same time as a severe blow to injustice and sophistry of all hues. As a result, an unbreakable cornerstone was provided for socialist ideal and the damaged image of socialism was cleared.

A leader of a political party in Russia said: Who dared to write even an article to defend and revive socialism during the harsh days when socialism collapsed and anti-socialist storms raised by imperialists and reactionaries were blowing so hard? Comrade Kim Jong Il alone advanced many ideological theories for the promotion of internationalsocialist movement and applied them to practice; this is his greatest exploit as a saviour and defender of socialism.

The allied imperialist forces directed the spearhead of their attack to theDPRK, a strong bulwark of socialism; they escalated political and military pressure and economic sanctions against it.

To make matters worse, disastrous natural calamities hit the DPRK in succession.

To cope with the prevailing situation, Kim Jong Il strengthened the national power upholding the banner of Songun and frustrated the manoeuvres of hostile forces.

Under his leadership, the DPRK became a politico-ideological power, military power, a country capable of manufacturing and launching satellites and fortress of independence. He not only defended socialism of the DPRK but also saved thecause of independence of mankind and international socialist movementby dint of this unfathomablenational power.

Today, many political parties and people the world over are striving to study and apply his ideological theories. It is today's reality that the struggle of the people who are aspiring after independence is growing in intensity all over the world.

Chairman Kim Jong Il's ideological and theoretical exploits will shine for ever along with the victorious advance of the cause of global independence.

## धरहरा...

गरेको थियो । उक्त पाइपलाई नष्ट गरेपछि धरहरा पुनर्निर्माणको बाँकी काम रोकिएको हो । ०७२ वैशाखमा गएको भूकम्पबाट क्षति पुगेको यस सम्पदाको भूकम्प गएको तीन वर्षपछि मात्रै पुनर्निर्माणको कामले गति लिएको हो । भूकम्पले ढलेको धरहरा पुनर्निर्माण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले विधिवत् रूपमा १२ पुस ०७५ थालनी गरेका थिए ।

४२ रोपनी क्षेत्रफलमा निर्माण सुरु गरिएको धरहरा बाहिरबाट हेर्दा ११ तलाको र भित्रपट्टि २२ तलाको, उचाइ ७२ मिटर र ४८ फिटको बेस रहनेछ । नयाँ धरहरामा बगैंचा, संग्रहालय, रंगीन जलफोहरा, प्रदर्शनी हल, पार्किङस्थल, पसललगायत संरचना रहनेछन् । धरहरा टावरको पुनर्निर्माण सम्पन्न भएको भन्दै ११ वैशाख ०७८ मै उद्घाटन गरिएको थियो । उद्घाटन भएको डेढ वर्ष बितिसक्दासम्म उक्त टावरआसपासको अन्य संरचना बनिसकेको छैन ।

## प्रहरीमा...

३० वर्षे सेवा अवधि हटाउन अर्थ मन्त्रालयले गृहमन्त्रालयलाई सैद्धान्तिक सहमति दिएको छ। यस कार्यमा प्रधानमन्त्री शेरबहादुर देउवा तथा अर्थमन्त्री जनार्दन शर्माको बढी रुचि र चासो रहेको गृहस्रोतले जानकारी दिएको छ। स्रोतका अनुसार विभिन्न स्वार्थसमूहको रुचि र दबाबमा बालुवाटारले गृहमन्त्रालयमा हस्तक्षेप गरी सो प्रस्ताव अघि बढाउन लगाएको हो।

अर्थ मन्त्रालयले प्रहरीमा रहेको ३० वर्षे प्रावधानको साटो ५८ वर्षको उमेर र पदावधिको हद लागू गर्नेगरी सैद्धान्तिक सहमति दिएको बताइएको छ। यसका लागि केही समयअघि मात्रै प्रधानमन्त्री देउवाको ठाडो निर्देशनमा गृहमन्त्री बालकृष्ण खाँडले अर्थमा सहमतिका लागि प्रस्ताव पठाएका थिए।

सर्वोच्च अदालतले प्रहरी ऐनमै व्यवस्था गरेर मात्र अवकाश, करिअरलगायत व्यवस्था मिलाउन आदेश दिएको थियो। तर, कामचलाउन सरकारले अध्यादेशमार्फत नियमावली संशोधन गरेर ३० वर्षे सेवा अवधि हटाउन लागेको हो।

२०७० सालमा तत्कालीन एआईजी मदनबहादुर खड्का र २०७३ सालमा तत्कालीन एआईजी गणेशराज राईले आफ्नो जागिर अवधि लम्ब्याइदिन आग्रह गर्दै दायर गरेको रिटमा सर्वोच्चले प्रहरी नियमावली संशोधनमार्फत आफूखुसी गर्ने शृंखलामा रोक लगाएको थियो। तर, सर्वोच्चको सो रोकविपरीत सरकारले आफूखुसी अध्यादेश ल्याएर ३० वर्षे सेवा अवधि हटाउन लागेको हो।

निर्वाचनपछि कामचलाउ अवस्थामा रहेको देउवा सरकारले हालका आईजीपी धिरजप्रताप सिंहलाई नै यथावत् राख्ने उद्देश्यका साथ सो प्रावधान ल्याउन लागेको बताइन्छ। गृहस्रोतका अनुसार बालुवाटारको दबाबमा गृहमन्त्री र गृहसचिव यस्तो प्रस्ताव तयार पारी अर्थमा पठाउन बाध्य भएका हुन्।

गृहले एक वर्षपछि मात्रै लागू हुनेगरी अर्थबाट सहमति प्राप्त भएको जनाएको छ। अब अर्थबाट सहमति भएपछि कानुन मन्त्रालय र लोकसेवा आयोगमा सहमतिको लागि पठाउने र त्यसलगत्तै मन्त्रिपरिषद्बाट पारित गर्ने तयारी बालुवाटारले गरेको छ। नेपाल प्रहरीमा हरेकपटक आईजीपीका ब्याचकाले जागिरको उत्तरार्द्धमा आफ्नो स्वार्थ पूरा गर्न ३० वर्षे सेवा अवधि हटाउने प्रयास गर्ने गरेका छन्।

अहिले पनि स्वार्थवश त्यस्तै प्रयास थालिएको र सो प्रयासले सार्थकता पाउन सक्ने देखिएको गृहस्रोतको दाबी छ। विभिन्न स्वार्थसमूहले बालुवाटारलाई प्रभावमा पारेर सो प्रस्ताव अघि बढाएको गृहस्रोतले जनायो।

## आयो...

रूपमा बनाइएको संरचनामार्फत ११ वैशाख २०७९ मा पुनः पानी वितरण थालियो। तर, दुई महिना नबित्दै 'बाढीबाट सुरुङ जोगाउन' भन्दै पुनः पानी वितरण बन्द गरियो। आयोजनाले वर्षा सकिएपछि केही ढिला गरी गत १२ मंसिरमा मेलम्ची पानी सुरुङमा प्रवेश गराएको हो। शुक्रबारदेखि भने काठमाडौं उपत्यकाका धारामा वितरण सुरु गरिएको छ।

करिब ६५ अर्ब खर्चेर झन्डै तीन दशकपछि निर्माण अन्तिम चरणमा पुगेको आयोजनाबाट अहिले अस्थायी रूपमा पानी वितरण गरिएको छ। २०७८ साल असारको बाढीपहिराले 'हेडवर्क्स' ध्वस्त पारेपछि दीर्घकालीन रूपमा आयोजना 'कसरी अघि बढ्छ ?' भन्नेमा अझै टुंगो लाग्न सकेको छैन।

उपत्यकाको पानी वितरण जिम्मेवारी पाएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)ले पानीका पाइप संरचना मर्मत गर्दै एक साताभित्र वितरण गरिसक्ने दाबी गरेको छ।

केयुकेएलले 'अहिले आंशिक रूपमा मात्रै मेलम्ची आयोजनाबाट खानेपानी आएको' बताउँदै सोही अनुरुप वितरण गरिएको जनाएको छ। '१७ करोड लिटर पूरा उपलब्ध भएपश्चात् पानी वितरण समयतालिका सार्वजनिक गरिने अनुरोध गर्दछौं,' आयोजनाद्वारा जारी सूचनामा भनिएको छ, 'अहिले पुरानो पाइपलाइन सञ्जालबाट वितरण हुनेहुँदा चुहावट भएको देखिएमा कार्यालयमा जानकारी गराई सहयोग गरी दिनुहुन अनुरोध छ।'

यसअघि, १५ चैत २०७७ बाट मेलम्ची पानी वितरण सुरु गरिए पनि चैत तेस्रो साताबाट मात्रै त्यसले रुप लिएको थियो। सुरुङ, सुन्दरीजल पानी प्रशोधन केन्द्र र चक्रपथमा बिछ्याइएको थोक वितरण पाइपलाइन सफल परीक्षणपछि काठमाडौंबासीका धारासम्म मेलम्ची पानी पुऱ्याइएको थियो।

## सीमामा...

उब्जेको फसल पारिको सडक भएर घरमा भित्र्याउन हरेक पटक भारतीय सीमा सुरक्षा बल (एसएबी) लाई चलान बुझाउँछन्। नेपाली नम्बर प्लेटको मोटर साइकलमा घर जाँदा पनि उनलाई एसएसबीले कहिलेकाहीँ केरकार गर्छ र चलान शुल्क तिराउन बाध्य गराउँछ।

कन्हैयाको मात्र नभएर त्यहाँका एक दर्जन घरपरिवारको बाध्यता उस्तै छ। यसको मुख्य कारण नेपाली भूमिबाट उनीहरू कोही पनि आफ्नो घर पुग्न सक्तैनन्। घर पुग्न भारतीय भूमिकै सडक प्रयोग गर्नुपर्ने बाध्यता छ।

तरिगामामा नेपाल भारत छुट्याउने १७४ नम्बरको जंगे पिलर भारतीयहरूको घरको आँगनमै छ। त्यो पिलर दक्षिणतर्फको दसगजामा भारतले पक्की सडक बनाएको छ। उत्तरतर्फको नेपाली क्षेत्रको दसजगा खाली छ। दसगजासँगै जाडिएको नेपाली बस्तीमा पुग्ने नेपालतर्फ सडक छैन। नेपालीले भारतले निर्माण गरेको सडक प्रयोग गरेर जंगे पिलर हुँदै आइजाइ गर्छन्।

दसगजादेखि उत्तरमा नेपालीको खेत छ। त्यहाँ उत्पादन हुने अनाज घरमा पुऱ्याउन पनि त्यही भारतीय सडक प्रयोग गर्नुको विकल्प छैन। कन्हैयाका अनुसार गाडामा अनाज लिएर दसगजा पुग्नेबित्तिकै एसएसबीले केरकार गर्दै चलान काट्छ।

यो बस्ती तत्कालीन मझारे गाविसको पनि वडा ७ हो। अहिले जहदामा गाभिएको छ। दसगजा वारिका नेपाली बस्तीकाले आफ्नो खेतबारीको उत्पादन घरमा पुऱ्याउन चार दशकदेखि एसएसबीलाई चलान तिर्दै आएको तत्कालीन मझारे गासिका पूर्वअध्यक्ष अशोक साहले बताए।

'भारतले आफ्नोतर्फको दसगजामा पक्की सडक बनाएको छ, नेपालतर्फको जोडिएको भूभागमा माटो, गिट्टीसमेत हाल्न दिँदैन,' साहले भने, 'वारिको नेपाली भूमिको करिब दुई सय मिटरमा गिट्टी हाल्न उबेला गाविसले दुई लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो तर भारतीय पक्षले दिएन।' उनले नेपालतर्फको खाली ठाउँमा सामान्य हिँडडुलका लागि गिट्टी हाल्न भारतले नदिँदा आवागमनमा समस्या भएको बताए।

विराटनगरबाट दक्षिणपूर्व बुधनगर हुँदै तरिगामा पुग्न मात्र १७ किलोमिटर दूरी तय गर्नुपर्छ तर तरिगामावासीले आफूलाई हिमाल पारिका जिल्लावासी झैं सम्झन्छन्। आफ्नै बस्तीमा पुग्न नेपालतर्फ सडक नै छैन भने अर्कोतर्फ यहाँ नेपाल टेलिकम र एनसेलको मोबाइलको नेटवर्क लाग्दैन। भारतले दसगजा वारिको आफ्नो भूमिमा सडक, सञ्चार र खानेपानीको प्रबन्ध गरेको स्थानीयले बताएका छन्।

## एकैपटक...

समय दरबन्दी भएका जवानहरूलाई सीमा इलाका बाहेक अन्यत्र सरुवा गरिएको छ। सरुवाको लागि मुख्यालयस्थित उजुरी तथा गुनासो सुनुवाइ शाखामा प्राप्त निवेदन तथा गुनासोलाई समेत उच्च प्राथमिकतामा राखिएको थियो।

यस्तै मुख्यालयमा दरबन्दी माग गरेका ४५ जना जवानलाई समेत प्राथमिकतामा राखेर सरुवा गरिएको डिएसपी थापाले बताए। उनका अनुसार घर भएको जिल्लामा सरुवा नगरी सम्भव भएसम्म नजिकको जिल्ला र त्यो नभएमा नजिकको प्रदेशमा समेत मिलाएर सरुवा गरिएको हो।

विगत देखिकै सरुवा सम्बन्धी गुनासोलाई सम्बोधन गर्दै श्रीमान श्रीमतीलाई सम्भव भएसम्म एउटै कार्यालयमा सरुवा गरिएको छ। मुख्यालयले फारम भराएर जवानहरूको इच्छा अनुसारको कार्यालयमा सरुवा गरेको यो पहिलो पटक हो। यसबाट तल्लो दर्जाको कर्मचारीको मनोबल उच्च हुने र आगामी दिनमा सरुवा सम्बन्धी गुनासो समेत कम हुँदै जाने विश्वास मुख्यालयको छ।

## सरकार...

एमालेमा फर्कन समेत नेपाललाई आग्रह गरिरहेका छन्। तर नेता नेपालले ओलीबाट लिखित प्रतिबद्धता ल्याउन भनेका छन्।

एमालेले प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गर्ने सन्देश पठाएसँगै अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरू सल्बलाउन थालेका छन्। हिन्द अमेरिकी लबीका देउवालाई नै प्रधानमन्त्रीमा निरन्तरता दिलाउन राजनीतिक सक्रियतालाई कूटनीतिक वृत्तबाट तीव्र पारिएको छ। भरसक वामपन्थी

बिनाको सरकार बनाउने हिन्द अमेरिकी सक्रियता बढिरहेको बताइन्छ। यही कारण सरकारले फौजदारी कार्यविधि संहिता ०७४ को दफा ११६ संशोधनका लागि अध्यादेश ल्याएको धेरैको बुझाइ छ। कांग्रेस, राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत, राप्रपा र स्वतन्त्र समेतलाई मिलाएर देउवाको नेतृत्वमा सरकार बनाउने नेपथ्यमा खेल भइरहेको छ। वामपन्थी इतरबाटै झन्डै १४६ जना सांसद पुग्ने गणित गरिसकिएको छ।

गठबन्धन बचाउने र देउवालाई प्रधानमन्त्री स्वीकार्नेमा प्रचण्डको कुनै भर नरहेको कांग्रेसवृत्तभित्रै बुझाइ छ। देउवालाई प्रधानमन्त्री बनाउन पहिले सघाएकाले अहिले आफूलाई प्रधानमन्त्री बन्न देउवाले सहयोग गर्नुपर्ने मनशाय प्रचण्डबाट प्रकट भइसकेको छ। देउवा भने २ वर्षपछि तपाईं प्रधानमन्त्री बन्नोस् भनिरहेका छन्। तर प्रचण्डलाई एमालेले प्रधानमन्त्रीको ललिपप देखाएकाले प्रचण्ड देउवासँग बार्गेनिङमा छन्। पहिलो किस्ता आफू प्रधानमन्त्री बन्न पाउनुपर्ने प्रचण्डको शर्तले देउवाको निदहराम गरिरहेको छ। यही कारण पनि अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरू गैरवामपन्थी सरकारको गठनमा सक्रिय बन्न थालेका छन्। तर राजनीतिक स्थायित्वका लागि भने कांग्रेस र एमालेको सरकार बन्नुपर्नेमा पनि कतिपयहरूले जोड गरिरहेका छन्। त्यसो त निर्वाचनअघि नै एमाले अध्यक्ष ओलीले कांग्रेस एमालेको सरकार बन्न सक्छ भनेर कतिपय अन्तर्वार्तामा खुलासा गरेका थिए।

देशको राजनीतिक स्थायित्वका लागि भने कांग्रेस एमालेकै सरकार उत्तम विकल्प देखिन्छ। तर बाह्य शक्तिकेन्द्रहरूको आआफ्नै स्वार्थ रहेकाले कस्तो सरकार बन्छ कसले नेतृत्व गर्छ अहिले नै ठोकुवा गर्न सकिँदैन। नेपाली कांग्रेसभित्र सरकारको पहिलो नेतृत्व माओवादी केन्द्रलाई दिन नहुने मत बलियो छ। कांग्रेसभित्र प्रधानमन्त्रीका आकांक्षी आधा दर्जन देखिएका छन्। तर संसदीय दलमा देउवा नै बलियो हुने निश्चित छ। प्रत्यक्ष र समानुपातिक दुवैबाट निर्वाचित अधिकांश सांसदहरू संस्थापन पक्षकै छन्। यही कारण देउवा नै संसदीय दलका नेता बन्ने पक्कापक्की छ।

कांग्रेसको नेतृत्वमा गैरवामपन्थी सरकार बनाउने बाह्य चलखेल बुझेकैले एमाले अध्यक्ष ओलीले प्रधानमन्त्री प्रचण्ड कार्ड फालेको विश्लेषण गरिएको छ। त्यसो त एमाले पनि हिन्द अमेरिकी लवीकै नजिकको मित्रशक्ति हो। एमसीसी र नागरिकता प्रकरणमा एमालेको नीतिले नै यसलाई स्पष्ट पारेको छ। एमाले यी दुवै मुद्दाको पक्षमा थियो। तर जस भने गठबन्धन सरकारले पायो। यसैले बाह्य शक्तिका लागि चाहे कांग्रेसको नेतृत्व होस् वा वामपन्थीको होस् कुनै फरक पर्नेवाला छैन।

नेपालका राजनीतिक दलका नेताहरू सिआईए र रअका एजेन्ट छन् भन्ने बुझाइ चीनको छ। नेपालका ठूला वामपन्थी दलहरूप्रति चीन त्यति विश्वस्त छैन। यद्यपि वामपन्थी नेतृत्वको सरकार भए सहकार्य गर्न सजिलो हुने चीनको विश्लेषण हुन सक्छ। इन्डो अमेरिकी शक्ति नेपालको सरकार निर्माणमा सक्रिय भएको देखेपछि चीनले पनि नेपथ्यमा गतिविधि गर्ने राजनीतिक क्षेत्रको बुझाइ छ। अहिलेसम्म यसरी नै सरकार बन्छ भनेर कसैले पनि अक्टोपस वाणी गर्ने अवस्था देखिँदैन। हंगपार्लियामेन्ट बनेका कारण संसदीय राजनीति झनै कुरुप बन्दै जाने लगभग निश्चित छ।

## अर्थतन्त्र...

ब्याजदर स्थायित्व हो। मौद्रिक नीति समिक्षामार्फत वाणिज्य बैंकहरूको औसत ब्याजदर अन्तर ४.४ प्रतिशतबाट ४ प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको औसत ब्याजदर अन्तर ५ प्रतिशतबाट ४.६ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ। यो व्यवस्थाले ब्याजदर बढनबाट रोक्ने सम्भावना बलियो देखिएकाले यसका लागि हामी केन्द्रीय बैंकलाई धन्यवाद दिन चाहन्छौ। यसको निर्देशिका चाडै आएर तत्काल कार्यान्वयन हुनुपर्छ। यसले तत्काल ब्याजदर घटाउने सम्भावना भने देखिदैन।

३. यतिले मात्रै मूल समस्या समाधान नगर्ने हुँदा जबसम्म बैंक वित्तीय संस्थाको आधार दर घट्दैन, तबसम्म ब्याजदर घटदैन। ब्याजदर नघट्ने हो भने अर्थतन्त्र जोगाउन कठिन हुनेछ। त्यसैले तत्काल बजारमा तरलता प्रवाह गर्ने र ब्याजदर घटाउने उपाय सरकार र केन्द्रीय बैंक दुवैले

पहिल्याउनुपर्छ। पुस मसान्तमा पुर्नकर्जा बापतको करिब ६० अर्ब रुपैया बैंक वित्तिय संस्थाहरूबाट फिर्ता जाने बैंकहरूको भनाइ छ। यसले उद्यमीलाई समस्या त हुने नै छ, बजारमा तरलता अभावलाई थप गहिऱ्याउनेछ। त्यसैले कम्तीमा एक बर्ष पुर्नकर्जा नविकरणको सुविधा दिइनुपर्छ। अनिवार्य नगद अनुपात (सिआरआर) लाई एक प्रतिशत बिन्दुले कम गर्नुपर्छ।

४. सरकारी ढुकुटिमा रहेको रकम प्रवाह गरि तरलता व्यवस्थापनका उपाय अबलम्बन गरिनुपर्छ।

५. स्थानिय तहमा जाने रकमलाई निश्चित अवधिका लागि सत प्रतिशत गणना गर्नुपर्ने व्यवस्था गर्नुपर्छ।

६. पुँजीगत खर्च हुन नसक्नु मुलुकको पुरानो समस्या रहेको र खर्च नहुँदा बजारमा तरलता अभाव हुने गरेको सन्दर्भमा खर्च बढाउन विशेष पहल आवश्यक छ। अर्थमन्त्रालयले पुँजीगत खर्च नहुने कारण पहिल्याइसकेको सन्दर्भमा खर्च बढाउने योजना तत्काल कार्यान्वयन गर्नु आवश्यक छ।

७. वैदेशिक लगानी आकर्षित गर्नका लागि बजेटमा उल्लेखित स्वचालित प्रक्रिया कार्यान्वयन गर्नुपर्नेछ। यसबारे तत्काल कार्यविधि बनाइ विदेशी लगानी बढाउन पहल गर्नुपर्छ।

८. सरकारको नीति तथा कार्यक्रममा समावेश भइसकेको कन्ट्री रेटिङ तत्काल गरिनुपर्ने। अन्तर्राष्ट्रिय रकम भित्र्याउन वोन्ड लगायतका अन्य उपकरणको प्रयोग गर्न सकिन्छ। अन्य लगानीका स्रोतबाट रकम भित्र्याउन नीतिगत सुधार आवश्यक छ।

९. निजी क्षेत्र तथा बैंकहरूले विदेशबाट ऋण लिन एक्सटर्नल कर्मसियल बरोइङ को लागि सहजीकरण एवं प्रोत्साहन गरिनुपर्नेछ।

१०. सरकारको बजेट वक्तव्यमा उल्लेख भएको उत्पादनमूलक उद्योगलाई अन्य व्यवसायभन्दा कम व्याजदरमा कर्जा प्रवाह गरिने व्यवस्थालाई कार्यविधि बनाइ तत्काल लागू गरिनुपर्नेछ।

## एयर...

बढी दिनरात उडान गराएकाले क्याविन क्रुमा सञ्चित थकान रहेकोले उडान कार्यमा सहभागी हुन नसक्ने जनाइएको छ।

नवीकरण रोक्न खोजेका कारण मानसिक तनावमा रहेका क्याविन क्रु का कर्मचारी मानसिक रुपमा बिरामी रहेकोले हवाई उडान तथा कार्यकालको काम गर्न नसक्ने अवस्थामा रहेको उल्लेख छ। करारका क्याबिन क्रुले आफ्नो कामकाज ठप्प पारेपछि दश-बाह्र जना स्थायी क्याविन क्रुको सहयोगमा विमान उडाउने काम भइरहेको छ।

यसैबीच निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीसहित वार्ता चलिरहेका बेला कांग्रेस निकट ट्रेड युनियनका पदाधिकारीहरू प्रवेश गरेपछि निगममा तनाव उत्पन्न भएको छ।

क्याबिन क्रु संघ र ट्रेड युनियनका पदाधिकारीबीच हात हालाहाल भएपछि निगमको गेटभित्र प्रवेशमा रोक लगाइनुका साथै त्यहाँको सुरक्षा पनि बढाइएको छ।

नेपाल वायुसेवा क्याबिन क्रु संघ र कांग्रेस निकट ट्रेड युनियनका पदाधिकारीहरूबीच निगमको मानव संशाधन विभागमा भइरहेको वार्तामा जानकारी बिना प्रवेश गरेका ट्रेड युनियनकर्मी र संघबीच हात हालाहाल भएको संघकी एक पदाधिकारीले बताइन्। वार्तास्थलमा तनाव उत्पन्न भएपछि न्युरोडमा रहेको जनसेवा प्रहरी वृत्तका प्रमुख डिएसपी शालिग्राम शर्मासहितको प्रहरी टोली निगममा पुगेको छ। डिएसपी शर्माले क्याबिन क्रु जाइलागेको अभियोगमा दुई जना ट्रेड युनियनका नेतालाई नियन्त्रणमा लिएको बताए।

## नेपालमा...

नेपालबाट विभिन्न कम्पनीहरूले सहभागिता जनाएका थिए। सुस्ताउँको अवस्थामा रहेको नेपालको पर्यटक क्षेत्रलाई कसरी पुरानै अवस्थामा फर्काउन सकिन्छ भनेर न्यूयोर्क अन्तर्राष्ट्रिय टाभल्स शो आयोजना गरिएको आयोजक एवं नेपाल पर्यटन बोर्डका अमेरिका पर्यटन दूत प्रदिप श्रेष्ठले जानकारी दिए।

ट्राभल्स शोमा नेपाल झल्कने बिभिन्न जातजातिका सांस्कृतिक भेषभुषा, सांस्कृतिक नृत्य, हिमाल आरोहणका समय प्रयोग गरिने सामाग्री, पदयात्रामा प्रयोग हुने सामाग्रीलगाएत नेपालको सांस्कृतिक, धार्मिक, ऐतिहासिक लगायत साहसिक खेलहरूको भिडियोसमेत प्रस्तुत गरिएको थियो।

उक्त ट्राभल्स शोमा नेपालको पशुपति मन्दिर र स्वयंभूको स्तुपासंगै बिभिन्न जातजातिका सांस्कृतिक भेषभुषा, कुमारी नृत्य, नेपाली लोकभाकाका सांस्कृतिक नृत्य, हिमाल आरोहणका समय प्रयोग गरिने सामाग्रीहरू प्रदर्शन गरिएको थियो।

उक्त शोमा विभिन्न देशका १२० भन्दा धेरै कम्पनीहरू सहभागी भएका थिए। हरेक बर्ष अक्टोबर महिनामा हुने उक्त शोको आयोजकले नेपालको लागि आधिकारिक एजेन्टमा ट्राभल ब्युरो अफ नेपाललाई नियुक्त गरेको उक्त कम्पनीका सिईओ साथै पर्यटन दूत प्रदिप श्रेष्ठले जानकारी थिए।

## कोरियामा...

नेतृत्व गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को १७ औं एसिया तथा प्रशान्त क्षेत्रीय बैठकमा सहभागी हुन सिंगापुर आएका बेला उक्त कुरा बताएका हुन्। उनले कोरियाले कामदार आपूर्ति गर्दै आएका १६ मुलुकमध्ये नेपालीलाई उच्च प्राथमिकता दिने गरेको बताएका छन्।

ईपीएस प्रणालीअन्तर्गत हालसम्म कोरियामा ७५ हजार नेपाली कामदार पुगिसकेका छन्। जसमा ५ हजार महिला छन्। कोरिया गएकामध्ये ३ हजार नेपाली गैरकानुनी हैसियतमा बसिरहेको पनि मन्त्री जोङपिलले उल्लेख गरेका छन्।

## नीति...

र दलमात्रै अराष्ट्रिय अर्थात् 'एन्टी नेसनल' हुँदैनन्। राष्ट्र वा सरकार पनि राष्ट्रिय हित विरुद्ध हुन सक्छ। सरकारले शक्तिशाली बन्ने लोभमा राष्ट्रिय एकता कमजोर गर्न सक्छ। राष्ट्रलाई जोड्ने तत्वहरू भत्काउन सक्छ।

नेपालमा जातीय र राष्ट्रिय पहिचानबीचमै द्वन्द्व, भ्रम र केही शंका छन्। केन्द्र बलियो भएन भने जाति, भाषा वा क्षेत्रका नाममा राष्ट्र टुक्रिन सक्छ। राष्ट्रनायक टिटोको मृत्युपछि युगोस्लाभिया टुक्रियो। राष्ट्र भत्काउने खेलमा जो सक्रिय थिए, उनीहरूले नै पश्चाताप गर्नुपर्ने समय आयो। टुक्रिएका र भत्किएका राष्ट्र बीसौं वर्षदेखि अशान्त छन्। राष्ट्रलाई आफ्नो ठान्ने हो भने समस्या छैन तर कुनै सीमित जात, सम्प्रदाय, र भूगोलमा मात्र सुरक्षित ठान्ने प्रवृत्तिले समस्या ल्याउँछ।

राष्ट्र कसरी असफल बन्छ (ह्वाइ नेसन्स फेल) ग्रन्थका लेखक जेम्स रबिन्सन र डेरनले राजनीतिक संस्थाहरूले जनताको आर्थिक स्तर उकास्न सकेनन् भने अर्थतन्त्रकै कारण राष्ट्र भत्किन्छ भनेकाछन्।

'सत्र खर्बभन्दा धेरै ऋण लागेको छ, नेपाललाई।' (स्रोतः बिबिसी नेपाली सेवा) यसमध्ये ३६ अर्ब ९५ करोड रूपैयाँ साउँ-ब्याज गत आर्थिक वर्षमा र २३ अर्ब रूपैयाँ चालु आर्थिक वर्षमा चुक्ता गरिएको सम्बन्धित अधिकृतहरू बताउँछन्। २३ वटा दातृनिकाय र संघ/संस्थामार्फत लिइएको विदेशी ऋणले नेपालको आत्मनिर्णयको अधिकार संकुचित भएको केही विश्लेषकको तर्क छ। केही अर्थशास्त्रीको धारणा छ- 'ऋण र अनुदान दिनेहरूले नेपालमा आर्थिक मात्र होइन, राजनीतिक प्रभाव फैलाएका छन्।' जगजाहेर छ, परम्परागत धर्म, संस्कृति, परम्परा, एकता, इतिहास र सामाजिक संरचना भत्काउन चाहने केही विदेशीले नीति निर्माताहरूलाई प्रभावमा पारिरहेछन्।

जापान, भारत, दक्षिण कोरिया, कुबेत, फ्रान्स, साउदी अरेबिया, युएइ जस्ता राष्ट्रको आर्थिक भरथेग बाहिर देखिन्छ भने इयु, चीन र अमेरिकी सहायता उल्लेखनीय छ। भूराजनीतिक कारणले नेपाल रणनीतिक सामरिक महत्वको क्षेत्र भइरहेको हुँदा राष्ट्र भत्काउने खेल निर्वाध रूपमा अघि बढेमा काठमाडौं केही वर्षमै काबुल बन्न सक्छ।

अस्ट्रेलिया, अफ्रिका, अमेरिका, युरोप र एसियाजस्ता महादेश विशाल खण्डमा विभक्त भए। १९६ राष्ट्रमध्ये धेरैको नाम त लुप्त जस्तै छ। नेपाल प्राचीन १७ वटा राष्ट्रमध्ये हजारौं वर्ष पुरानो भएकाले नेपालीहरू गर्व गर्छन्। इतिहासप्रति सन्तुष्ट भएर मात्र राष्ट्रको भविष्य सुरक्षित र सुनिश्चित हुँदैन। दरिद्र जनताको उत्थान गर्ने नाममा बितेका सत्तरी वर्षमा नेपालमा धेरै राजनीतिक दल उम्रिए। दरिद्रहरू दरिद्रतर र दरिद्रतम भए। अभावग्रस्त जीवनका लागि देवी-देवता बन्छौं भन्नेहरू मात्र धनी भए।

प्रहसनको संवाद जस्तो यो दृश्य धेरै दरिद्र राष्ट्रमा देखिन्छ। राष्ट्राध्यक्षदेखि लिएर स्थानीय तहका प्रतिनिधि वा 'राष्ट्रसेवक' सबैले जनताले तिरेको करले अजीर्ण हुने गरी खाए पनि अधिकांश मतदाता र जनता जीर्ण छन्।

बेरोजगारी, जनसंख्या वृद्धि, कृषि उत्पादनमा ह्रास, विदेशीप्रतिको निर्भरता, आर्थिक विषमता, सामाजिक न्यायको अभावजस्ता कारणले भारतविश्वका असी प्रतिशत दरिद्रको आश्रयस्थल बनेको भारतीय विश्लेषकहरूले लेखेका छन्। कुनै कारण चीन र भारतमा युद्ध, दंगा, गृहयुद्ध वा अप्रिय स्थिति आगोझैं फैलिएमा नेपालमा त्यसको दुष्प्रभाव पर्छ कि पर्दैन ? हामीले त्यतातिर ध्यान दिएकै छैनौं।

## माले...

प्रस्तुत गरेका थिए। संयोजकहरूले प्रस्तुत गरेका निर्वाचन समीक्षाका प्रतिवेदनमा छुट भएका विषय सम्बन्धित निर्वाचन क्षेत्रमा खटिएका केन्द्रीय सदस्यहरूले प्रस्तुत गरेका थिए। केन्द्रीय निर्वाचन परिचालन कमिटीको प्रतिवेदन, कोषाध्यक्षको आय, व्यय विवरणसहितको प्रतिवेदन बैठकमा प्रस्तुत गरी छलफल गरिएको थियो।

बैठकमा महासचिव सीपी मैनालीद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदनमाथि केन्द्रीय सदस्यहरूले टिप्पणी गर्दै महत्वपूर्ण सुझाव प्रस्तुत गरेका थिए। महासचिवको स्पष्टीकरणपछि प्रतिवेदन पारित गरिएको जानकारी माले कार्यालयबाट प्राप्त भएको छ।

निर्वाचनमा नराम्रो परिणाम भोगेको नेकपा (माले) ले आगामी कार्ययोजनाहरू बैठकबाट पारित गरी नवीन योजनासहित राजनीतिक अभियानमा थप ऊर्जावान भएर निरन्तर लाग्ने निर्णय गरेको छ। बैठकले महत्वपूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्तावहरू पारित गरेको छ।

## फिल्म निर्माता संघमा गिरी र बानियाँ





काठमाडौं। नेपाली फिल्म निर्माताहरूको छाता सङ्गठन नेपाल चलचित्र निर्माता संघको कार्यसमितिमा निर्माता तथा अभिनेताद्वय दीपकराज गिरी र रवीन्द्रसिंह बानियाँ मनोनीत भएका छन्। निर्माता गिरीले छक्का पञ्जा सिरिजमार्फत नेपाली बक्सअफिसमा आफूलाई सफल बनाइसकेका छन्।

यस्तै निर्माता बानियाँ पनि लगातार फिल्ममार्फत सफलता हात पारिरहेका छन्। उनको निर्मित चौथो फिल्म 'महापुरुष' प्रदर्शनरत छ भने रु १० करोडभन्दा बढीको कलेक्सन घरेलु बक्सअफिसमै गरिसकेको छ। संघको मङ्गलबार बसेको कार्यसमिति बैठकले उनीहरू दुवैईलाई कार्यसमिति सदस्यमा मनोनीत गरेको अध्यक्ष नवल खड्काले जानकारी दिए।

'नेपाली फिल्ममा सफलता प्राप्त गरिरहनुभएका दुई निर्मातालाई जोड्न पाउँदा खुसी लागेको छ, हाम्रो उद्देश्य नै क्रियाशील निर्माताहरूको सङ्गठन बनाउनु हो', अध्यक्ष खड्काले भने, 'हामी नेपाली फिल्मलाई प्रत्यक्ष रुपमा फाइदा दिनसक्ने योजना तयार गरिरहेका छौं।'

अध्यक्ष खड्काका अनुसार सोही बैठकले संघका उपाध्यक्ष उदय सुब्बालाई वरिष्ठ उपाध्यक्षमा पदोन्नति गर्ने निर्णय गरेको छ। योजनासहित संघमा जोडिएको निर्माता बानियाँले बताए। 'हाम्रो पेसागत हकहितको संस्थामा केही गर्न सकिन्छ भनेर जोडिएका हौं', निर्माता बानियाँले भने, 'हाम्रो अनुभवले अहिले देखिएका निर्माताहरूको समस्या समाधान गर्न जुट्नेछौं।'